# भूमिअधिकार आन्दोलन, सहभागीमूलक समीक्षा तथा चिन्तनमनन्

२१-२३ असार २०६६ (५-७ जुलायृ २००९)
**चेतना केन्द्र, बुडवल बनेपा**

# पहिलो दिन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले उपस्थित सवैलाई कार्यक्रममा स्वागत गर्नुभयो र कार्यक्रमको उद्देश्यबारे जानकारी गराउनु भयो । यसपछि चिनजान भयो ।

२. त्यसपछि जिल्ला र स्रोत केन्द्र एवं संस्था तहमा भएका समिक्षाका आधारमा तयार पारिएका सामाग्रीहरुको प्रस्तुती भयो ।

| प्रस्तुती | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र १, डडेल्धुरा |
|---|---|
| मुख्य प्रयास | • आन्दोलनको सवाल प्राथमिकिकरण, योजना निर्माण, जिम्मेवारी बाँडफाँड ।<br>• मुक्त हलिया पुर्नस्थापनाका सवालमा डडेल्धुरामा भएको हलियाहरुको क्षेत्रीय भेलामा भूमि अधिकार सहितको पुर्नस्थापनाको कुरामा छलफल । हलिया मुक्ति समाज महासंघ र सि.एस.आर.सि. डडेल्धुरा श्रोत केन्द्रको संयुक्त टीम बनाई मुक्त हलिया पुर्नस्थापनाको सवालमा प्रधानमन्त्री, गृहमन्त्री, अर्थमन्त्री, भूमिसुधार मन्त्री र सामान्य प्रशासन मन्त्रीसँग भेट तीन ठूला दलका (काग्रेस, एमाले, माओबादी) र तिनका संसदीय दलका कार्यालय र राष्ट्रिय योजना आयोगमा ज्ञापन पत्र बुझाईयो । संघ संस्थाहरु सित सुझाव, सल्लाह लिइयो ।<br>• बैतडी, कैलाली र कञ्चनपुरमा भूमिअधिकार सभाको आयोजना ।<br>• संगठन परिचालन, आन्दोलन कोष निर्माण, सम्बन्ध बिस्तार, स्थानिय निकायमा माग पत्र पेश गर्न समुदाय तहमा सहजीकरण ।<br>• अभियानकर्ता छनौट, अभिमुखिकरण र परिचालन । |
| उपलव्धीहरु | • हलिया मुक्ति र पुर्नस्थापनाका लागी भुमिअधिकार मात्र उचित बिकल्प रहेको हलियाको क्षेत्रिय भेलामा पिडित र सरोकारवालाको निश्कर्ष । सुदुरपश्चिमका ९ ओटै जिल्लामा भूमि अधिकार आन्दोलनको सन्देश फैलिएको छ ।<br>• मुक्त हलिया पुर्नस्थापनाका सवालमा बजेटमा प्राथामिकता दिईने |

| | |
|---|---|
| | प्रधानमन्त्रीले बताउनु भएको छ ।<br>• भूमिसुधार आयोगका सदस्य र भूमिअधिकारबाट बञ्चितको उस्थितिमा भूमि अधिकार सभा सम्पन्न । कार्यक्रमले सञ्चार माध्यममा स्थान पायो । आयोगको काम कारबाही बारे संगठनमा जानकारी भयो ।<br>• संगठनले स्थानिय श्रोतमा हक दाबी गर्न थालेका छन । यस आर्थिक बर्षमा बैतडी, डडेल्धुरा, कैलाली, कञ्चनपुरमा स्थानिय निकायमा आएको बजेटमा १४ लाख४९ हजार पाँच सय भूमिहिन सुकुम्बासी, दलित, हलिया, महिलाको पक्षमा बिनियोजन भएको छ ।<br>• राष्टिय भूमि अधिकार मञ्चको पहलमा सामुदायिक वनबाट सहयोग लिइ कैलालीको धनगढी नगरपालिका ६ शिबनगरमा १६ परिवारले बाखा पालन गरिरहेका छन । धनगढी नगरपालिका ७ तिल्कीमा ३२ घरपरिवारले बिधुत लाईन जोडेका छन । कञ्चनपुरमा आर.आर.एन. को सहयोगमा ३ ओटा धारा निमार्ण भएका छन । |
| **सिकाई** | • योजनाका आधारमा कार्यक्रम गर्ने, सुचकका आधारमा अनुगमन, साप्ताहिक रुपमा प्रत्येक<br>अभियानकर्मीले जानकारी आदानप्रदान गर्ने ।<br>• छलफललाई घटनामा आधारित बनाउने त्यस्ता कार्यक्रममा श्रोतको उपयोग गर्ने ।<br>• संगठन परिचालन, स्थानिय श्रोत पचिालन, कार्यकर्ताको क्षमता बिकास र मिडिया र अन्य सरोकारवालासंग सम्बन्ध बढाउन जोड दिने । |
| **चुनौतीहरु** | • अभियानकर्ताको क्षमतामा बिकास र परिचालन ।<br>• योजना निर्माण, प्रतिबेदन, अध्ययन अभिलेखन, अनुगमन प्रक्रिया ब्यबस्थित गर्न ।<br>• राजनीतिक परिवर्तन र राहतमुखि कार्यक्रमले पार्ने प्रभाव । |

## समिक्षा र मनन्

- प्रस्तुतीमा लिएको ऋण भन्दा बढिको तमसुक बनाउने र ऋण लिनुपर्दा वा मालिकलाई खुसी पार्न खसी खुवाउनु पर्ने चलन छ भनियो । यस्तो अन्यायपूर्ण चलनमा हाम्रो भूमिका के कस्तो छ ? हामीले के गर्‍यौं ? हाम्रो काम समस्या बटुलेर ल्याउने मात्र होर ?
- त्यस क्षेत्रको अन्याय, उत्पिडन, शोषणका कुराहरु धैरै पहिलेदेखी सुन्दै आएका छौं । हाम्रो संघर्ष के हो ? के भयो ? अव के गर्दैछौं ?
- संगठनको विषयमा ५ वर्ष भईसक्दा पनि डडेल्धुरा र बैतडीमा खासै केही भएको देखिएन् । अवको योजना के छ ?

- हामीले पटक पटक लिएका केसहरु (१ पाने) को प्रयोग के कसरी गर्नेहोला ? यस्ता लेखाईले आन्दोलनमा के कसरी सहयोग गरेका छन् ? अधिकांश केसहरु समस्या र चुनौतीले भरिएका छन् । प्रभाव, उपलब्धी र सकरात्मक पहलहरु पनि होलान्नी ?
- जमिनका जिल्लागत, स्थानीय मुद्दाहरुचाँही के के हुन् ? हामीले नक्कली सुकुम्वासीलाई नक्कली हो भनेर भन्छौंकी ? नक्कलीको जेसुकै होस् भनेर मतलव गर्दैनौं ?
- कैलाली र कञ्चनपुरमा भूमिहिनताको समस्या चर्को छ । यस विषयमा हामीले के कस्तो आन्दोलन उठाउने सोचेका छौं ?
- गाउँगाउँमा न्याली, यात्रा, जिल्लास्तरमा दल र सरकारी एवं गैरसरकारी निकायबीच धेरै छलफल चलाएका छौं । यस्ता कामको प्रभाव के हो ? अव पनि त्यस्तै काम दोहोराई रहनेकी ? एक कदम अगाडि बढेर उन्नत काममा लाग्ने ?
- क्षेत्रगत तहको सवाल, त्यसको परिवेश र नीतिगत विश्लेषण पुगेन । यो विश्लेषण बढाउनुपर्‍यो ।
- मुक्त कमैयाहरु भूमि आन्दोलनमा समेटिएका छन् वा छैनन् ? उनिहरु र हामीबीचको सहकार्य के कसरी हुन्छ ?
- समयसमयमा लिएका तथ्याङ्क के भयो ? कसरी प्रयोग भईरहेको छ ? जिविसले लिने भनेको तथ्याङ्क के भयो ?
- ३ पुस्ते विवरण लिएर आन्दोलनलाई के सहयोग पुगेको छ ? यसको उपयोग कसरी गरिन्छ ?
- स्थानीय मुद्दालाई बाहिर ल्याउने र नीतिगत तहमा जोड्ने काम पुगेन ।

| प्रस्तुती | सामाजिक विकास तथा अनुसन्धान केन्द्र, नेपालगञ्ज (२) |
|---|---|
| मुख्य प्रयास | • वेदखली विरुद्ध साईकल यात्रा ।<br>• बेदखल भएकाको नामावली संकलन ।<br>• स्थानीय दलसंग छलफल, अन्तर्क्रिया र बहस ।<br>• संचार माध्यममा समन्वय । |
| उपलब्धीहरु | • वांके र वर्दियाका ७ परिवार जोताहा किसानले पुनः पहिलेकै जमिनमा जोतभोग गर्न थालेका छन् ।<br>• भूमिअधिकार अभियानको वुझाई स्थानीय तहसम्म पुगी अभियानमा सहभागिता वृद्धि भएको छ ।<br>• सहभागीमूलक योजना निर्माण र योजनामा आधारित अभियानको अभ्यास भइरहेको छ ।<br>• स्थानिय मञ्चमा आवद्ध भूमिहिन सरोकारवाला (जमिन्दार, दल प्रतिनिधि, गा.वि.स) संग आफ्नो अधिकारका कुरामा वहस, छलफल गर्न सक्ने । |

| | |
|---|---|
| **सिकाई** | • स्थानीय तहमा संचालीत कार्यक्रमले सहभागीता र हौसलामा बृद्धि । <br> • काम गर्न असजिलो भएका मञ्चहरुमा पनि इमान्दार र जुझारु साथीहरु छन् । भावी वैकल्पिक नेतृत्वको रुपमा उनीहरुलाई नै अगाडि बढाउनुपर्ने । |
| **चुनौतीहरु** | • पहिले प्रत्यक्ष जिल्लाको निगरानी र सहयोगमा रही आन्दोलन गरेका जिल्ला मञ्चमा एक पक्षीय रुपमा हचुवाको भरमा निर्णय हुने र निर्णय सम्पादन हुन नसक्ने । पिडितले बोलेपछि सबै कुरा ठिक हुन्छ र त्यो जसरी लागु हुनुपर्छ भन्ने सोंचले असजिलो । |



**काम गरेर पनि खान नपाइने भो**



दुब्लो शरीर । मनभरी दुःख र बेदनाहरु । सासु ससुरा, ३ छोराछोरी र श्रीमान सहित १४ धुर ऐलानी जमिनमा बस्दै आएकी ३९ बर्षीया कालीलाई जीवनमा सुख भन्ने नै थाह रहेनछ ।

उनीसँगै मझेरीमा बसिरहेका १७, १८ वर्षका देखिने छोराछोरीहरुले किताब विना नै परिक्षा दिएछन् । क्याम्पस पढ्ने यिनका साथी भने पढाईको अतिरिक्त कम्प्युटर सिक्न जान्छन् ।

सुर्खेत जिल्ला लाटीकोइली ४ रहरपुरकी काली थरुनीका दुख सुनाएर सकिदैंन । आफु र श्रीमानको मजदुरीले छाक टार्ने बाध्यता त पुरानै हो । आजभोली भने अर्कै पीडाले पिरोल्न थालेछ उनलाई । पहिले त ढुक्कसंग अरुको खेत जोतेर बटैया खान

पाइन्थ्यो । आजभोली गाऊँमा बटैयाको खेत खोस्ने क्रम बढेको छ । उनको परिवारले पनि ३ जना जग्गाधनीको १ बीघा ५ कठ्ठा जमीन जोत्दै आएको थियो । त्यसमध्ये ७ कठ्ठाबाट उनीहरु निकालिए । यो हाम्रो जमिन हो । अब हामी नै लगाउँछौ । तिमीहरु नजोत भन्न आए के गर्ने ? गहभरी आँशु पुछ्दै उनी बताउँछिन् । बचेको १८ कठ्ठा पनि कहिले छोड्नुपर्ने हो भन्ने पिरलोले उनलाई सताइरहन्छ । सबै जमिन बटैया जोत्दा त मुस्किलले ६ महिना खान पुग्थ्यो, अब कसरी बाँच्ने हो ?

हुन त गुमेको अधिकार पाइन्छ कि भनेर भूमिअधिकारको प्रत्येक आन्दोलनमा उनी सरिक भइन् । नारा, जुलुश, सभा, सम्मेलन् कही बाँकी राखिनन् । तर यसको परिणाम भने नकारात्मक हुन पुग्यो । पूर्जा मालिकहरुले तिम्री बुहारी नेता हुन थाली, अब हाम्रो खेत जोत्न छोडिदेऊ भनेर सासु ससुरालाई दबाब दिइरहेछन् । आखीर परालसम्म पनि आधा आधा बटैया बाँडेकै थियौ, काम गरेर पनि खान नपाइने भो । उनी गुनासो गर्छिन् ।

१ हल गोरु र एउटा बंगुरको पाठो (अब त अली ठूलो भैसक्यो होला )मात्र भएकी कालीको घरमा पिउने पानीको पनि समस्या छ । गाउँमा बिभिन्न संघसँस्थाले ईनार र धारा नबाँडेका होइनन् तर उनले पनि पाउनुपर्छ भनेर कसैले भनेन । पानीको लागि गाउँ बाहिरको सार्वजनिक ईनारमा पुग्नुपर्छ । सार्वजनिक भएकोले सबैले त्यहीँ नुवाउने धुने गर्दछन्, पिउने बेलामा साबुनको गन्ध आउँछ । उनले बताइन् ।

## समिक्षा र मनन्

भुँईमा, समुदायमा के भएको छ ? भन्ने कुरा पनि प्रस्तुतीमा आउँदा राम्रो हुने रहेछ । जस्तो कति संगठन ? आन्दोलन कोष कति ? कति संगठनले कस्ता कस्ता कार्यक्रम गरे ?
अभियानकर्ताले के कस्ता अभियानहरु उठाएका छन् ? नियमित छलफलको रेकर्ड राखेर त्यसका उपलव्धीलाई पनि केलाउनु पर्‍यो ।
करिब ७ सय जना बेदखलीमा परेको विवरण बताउनु भयो । बेदखली विरुद्दमा भएको आन्दोलनबाट कति जनाले बेदखली हुनु परेन ? कति जनाको जग्गा फिर्ता भयो ?
तराईको हत्या हिंसा चुनौतीको रुपमा लिनु भएको छ । हाम्रो सावधानी के हो ?
नयाँ रणनीति बारे स्रोत संस्था र केन्द्र तहमा कत्तिको छलफल भएको छ ?
समुदायको अपेक्षा, हामीले सम्बोधन गर्न सकेका छौंत ?
प्रस्तुतीमा धेरै गतिविधी आयो । गतिविधीमा भन्दा उपलव्धीमा जोड दिनुपर्दछ ? विभिन्न प्रयासबाट के परिवर्तन आयो ? उपलव्धी के भयो ?

*बेदखलीको आन्दोलनबाट केही ठाउँमा ऐलानी जग्गाको कुत बुझाउँदै आएकोमा रोकिएको छ । २६ जनाले सामूहिक खेती थालेका छन् । आफ्नै आन्दोलन कोष परिचालन गरेर संगठनमा छलफल तथा प्रशिक्षण हुन थालेको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कुरा गर्दा कहिले काँही समयमै सम्पर्क गर्न कठिन भईरहेको छ ।*

| प्रस्तुती | समाज कल्याण कार्यक्रम (स्वान) |
|---|---|
| काम गर्दा अपनाईएका तरिकाहरु | • एक अभियानकर्ता दश संगठन, एक संगठन दुई अगुवा, अगुवावाटै संगठन परिचालन ।<br>• एक गाउँ संगठन, एकमुष्ठ हकदावी र स्थानिय आन्दोलन ।<br>• अगुवावाट संगठन संचालन तथा शिविरमा सहजीकरण ।<br>• प्रत्येक गाउँ संगठनवाट हक दावी निवेदन अभियान ।<br>• एक गाउँ संगठन एक आन्दोलन योजना ।<br>• योजना अनुसार स्थानिय अभियान ।<br>• एक अभियानकर्ता, तीन जनमुखि सिकाई केन्द्र, एक नमुना काम । |
| उपलव्धीहरु | • २२ वटा समुदायमा ४२ पटक जनमुखि सिकाई केन्द्रमा महिला ४६६ र पुरुष ४६२ जना सहभागी भई परिवेश विश्लेशणमा सहयोग पुरयाई रहेका छन ।<br>• ४५ वटा गाउँ संगठनमा ५३ पटक वैठक महिला २६५ पुरुष ३३८ जना सहभागी भई स्थानिय संगठनले आन्दोलन योजना वनाई १५७ जना मुख्य अगुवा कृयाशिल रहेका छन ।<br>• ५ वटा गा.वि.स.का ८ गाउँ संगठनले सामुहिक खेतिका लागी वाँझो र ऐलानी जमिनको खोजी गरेका छन् ।<br>• मोही वेदखली एवं वेठवेगारी विरुद्ध राजनीतिक दलका इकाई कमिटि परिचालन गरि पुनर्स्थापना गर्ने सहमति ।<br>• ५ मोही वेदखली एवं वेठवेगारी गराएका जग्गाधनी विरुद्ध स्थानिय अभियान भई अर्घुका जोताहा किसान रुपानी थारुलाई ४,४८०/- र २२००/- असुल गराई सहयोग गरेको । |
| सिकाई | • भूमि अधिकार हननको स्थानियस्तरमा नै प्रतिरोध गर्दा वेदखली गर्ने घटनामा कमि हुनुको साथै वेठवेगारी रोक्न सकिदो रहेछ ।(अर्घु, गोवरडिहा)<br>• संगठनका अगुवालाई अभिमुखिकरण गरेर प्रशिक्षण शिविर र वैठक संचालन गर्न छोडिदिँदा अगुवाको क्षमता अभिवृधि हुनुको साथै सहजीकरण गर्न सक्ने आत्म विश्वास वढदो रहेछ । (जस्तै लमहीको प्रशिक्षण शिविर, अर्घुको वेदखली भेला )<br>• एक गाउँ संगठन सामुहिक हकदावी र स्थानिय आन्दोलन गर्दा अधिकार हननमा कमि आउनुका साथै अगुवा उत्पादन र संगठनको क्रियासिलता |

| | |
|---|---|
| | वढदो रहेछ ।<br>• संगठनमा परिवेश विशलेषण गरेर छलफल गर्दा भुमि अभियान कार्यक्रम वढि प्रभावकारी हुँदोरहेछ । |
| **चुनौतीहरु** | • मोही वेदखली र कानुनी संरक्षणको अभाव एवं सवै संगठनवाट प्रतिरोध आन्दोलनमा कमी । |

**काम नगरेर हामीले कहिल्यै खाएका छैनौ । वसिवसि खान पल्केका जमिन्दारले जोतेर खान पनि नदिने भए । - तितमान चौधरी, मोही किसान**

## पूर्जा लिएर जग्गा खोज्दै

सिसहनिया गाबिस, ९ भगवानपुर, दाङ बस्ने सुन्दर प्रसाद चौधरीलाई मालिकको घरमा कहिलेदेखि कमैया बसेँ भन्ने नै थाहा रहेनछ । यसले उनी धेरै सानो उमेरमा नै कमैया बसेछन् भन्ने थाहा हुन्छ । ३४ बर्षे चौधरीको बुवाका अनुसार उहाँको परिवार पहिले नर्तीमा बस्दथ्यो । त्यहाँ काम गरेर बाँच्न गाह्रो भयो । रात दिन दुख गर्दा पनि पेटभरी खान लाउन पुग्दैनथ्यो । दिनभरी मालिकको खेतमा काम गरेर पनि भोकै बस्न परेको पीडा रहेछ उनीसंग । बाँच्नै धौ धौ भएपछि बसाइँ सर्नु बाहेक अरु बिकल्प नरहेको उनी बताँउछन् । २०१२ सालमा बसाइँ सर्दा पनि पैसा नभएकोले जमिन किन्न सकेनछन् । ***जमिन त निकै सस्तो थियो तर गरिव भएपछि त सस्तो र महङ्गोको अर्थ नहुदो रहेछ ।*** पुराना दिन संझदै उनी बताउछन् । गाउकै जमिन्दार प्रभु नारायण चौधरीको घरमा कमैया बस्ने निधो पछि उसैको सल्लाहमा दुइ कुलाको बीचमा रहेको ऐलानीमा उनको घर बनेछ । २०२७ सालमा नापी आउदा धेरैका ऐलानी जमिन दर्ता भए । आफू बस्दै आएको जमिन मालिकले दर्ता गरिदिन्छन भन्नेमा उनी ढुक्क थिए तर सबै ब्यर्थ भएछ ।

बुबाले लालपुर्जा नपाएपछि उनी सुकुम्बासी बन्न पुगे । जेहोस बाबुको ६ जना छोरा मध्ये सुन्दर प्रसाद चौधरी जेठा छोरा थिए । उनी यसै गाउका हुनेखाने जमीनदार जगत नारायण चौधरीको घरमा कमैया बसेका थिए । फूसको ३ कोठे घरमा ८ जनाको परिवार अर्काको घरमा काम गरेर गुजारा चलाउदै आएका छन् । २०५७ साल देखि कमैया आन्दोलनमा सहभागी हुदै आएको उनी बताउँछन् । कमैया पुर्नस्थापनाको कानून अनुसार हरियो परिचयपत्र नं. ३२ पनि प्राप्त गरेका छन् । सोही समयदेखि कमैया बस्न छाडेर ज्याला मजदूरी र अधिया खेती गर्न थाले । कमैया गर्दा सबै ५ भाइ र बुबा समेत कमैया गर्दा पनि घरमा बर्ष भरी खाना लाउन धौधौ परेको थियो ।

उनी भन्छन् सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिती दाङबाट जग्गाधनी प्रमाण पुर्जा वार्ड.९ नक्शा नं ८ को कित्ता नं ३५२ दोयम क्षेत्रफल ० ५ ० एकलौटी भनि प्रमाण पनि पाप्त गरे । सो प्रमाण अनुसार जग्गा खोज तलास गर्दा वार्ड नं ८ मझेरियामा देखा पर्‍यो । त्यो

जग्गा उपभोगको लागि मझेरियामा सोधपुछ मात्रै गर्दा गाली, धम्की दिन थाले । मार्ने, काट्ने, कुट्ने घरमा आगो समेत लगाउने कुरा गरेपछि फेरी भूमिसुधार कार्यालयमा यो जग्गाको बारेमा सोधपुछ गर्न गए । भूमिसुधार कार्यलयबाट त्यही जग्गा खनजोत गर भनेर आदेह दिए । सुन्दर चौधरीले गरीब तथा नेपाली बोल्न नसक्ने भएकोले कालो अनुहार लिएर घर फर्के । यो जग्गा मझेरिया गाउँका सबै जना मिली बाँडेर खाने गर्दछन । बिचरा सुन्दर चौधरी यो सेतो प्रमाण मात्रै राखेर के गर्ने ? भनेर हुक्कै परेका छन् । कमैया कार्यक्रम तिर हेर्ने डिल्ली चौधरीसंग सोध्दा यसको सत्ता जग्गा खोज्दैछौ जग्गा पत्ता लागेमा यो सातेर अन्तै दिन्छौ भनेर भन्नुहुन्छ ।

सुन्दर र उनका परिवार हिम्मत हारेका छैनन् उनीहरु अहिले अरुको जग्गा अधिया, ठेक्कामा खेतीपाती गरेर पहिलेको भन्दा धेरै राम्रो भएको छ । पहिले ९ जनाको परिवार पाल्न अप्ठ्यारो थियो भने हाल २१ जनाको परिवार पाल्ने गरेका छन् । सबै बच्चाहरुलाई बिधालयमा पढाउने गरेको आफनो कमाइ बचाएर ० २ १८ जग्गा समेत किनिसकेका बताउछन् सुन्दरले । सो जग्गामा तरकारी खेती गरेर हरियो तरकारी खानुको साथै बिकी पनि गर्ने गर्दछन् । यो प्रमाण पूर्जाको जग्गा कहिले मिल्ने हो भनेर उनी चिन्तामा बसेका छन् । यता मुक्त कमैया मिलेर निकाल्न जाने हो भने १,२ दिन मात्रै हुन्छ । अर्को दिन फेरी गाउका जग्गावाल सबै आएर पिट्ने हुन् कि? भनेर डराएर यो जग्गा जोत्न जान डराको सुन्दर चौधरीले बचाउछन् ।

## समिक्षा र मनन्

सिकाई केन्द्रको छलफलबाट के कस्ता सवाल आएका छन् ? के कस्ता अभियानहरु भयो ?

हामीले गरेको कामबाट आएको सकरात्मक एवं नकरात्मक परिवर्तन खोतल्न पुगेन । गरेको कामले दल, प्रशासन, अगुवा, अभियानकर्ता, संगठन, आफैं, जमिन्दार, पिडित आदिमा के कस्तो परिवर्तन आयो ?

जुनसुकै कार्यक्रममा आउने मान्छेलाई पहिले नै त्यसबारे जानकारी दिएर ल्याउनु पर्दछ । हामीले नतिजामा आधारित आन्दोलन गर्नुपर्दछ । क्रियाकलाप केन्द्रित आन्दोलन गरेर हुदैंन । चर्को कुरा गरेर मात्र हुदैंन । बेदखली गरेपछि हामीले त्यस विषयमा कसरी काम गर्ने भन्ने वारे रणनीतिक हुन जरुरी छ । सकरात्मक पक्षलाई बढाउँदै लैजानु पर्दछ र नकरात्मक पक्षलाई कम गर्दै ।

| प्रस्तुती | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ४, बुटवल |
|---|---|
| मुख्य प्रयास | • उखडा जग्गा दर्ता अभियान (रुपन्देही)<br>• जोतभोग तथा बसोवासको आधार प्रमाण अभियान (रुपन्देही र नवलपरासी)<br>• वाढिपिडीतको वसोवासको उचित व्यवस्थापन (नवलपरासी) |
| उपलव्धीहरु | रुपन्देही<br>• जेष्ठ २२ गते मालपोत कार्यालय रुपन्देहीमा उखडा जग्गा दर्ताको लागि ७६९ जना जोताहा किसानहरुको निवेदन पेश भएको छ ।<br>• १२ वटा गाविस स्तरिय उखडा समिती पुनःगठन भएको छ । सुर्यपुरा, मजगाऊ, ख.वनगाई, धमौली, कमरीया, आमा, मर्यादापुर, वेतकुई मधुवनी, भगवानपुर, सिपवा, सकरहनपकडी )<br>• उखडा पिडीत किसान जिल्ला समितीको जिल्ला भेला सम्पन्न भई राजाराम लोधको अध्यक्ष्यतामा ११ सदस्यीय जिल्ला समिती गठन भएको छ र समितीको क्रियाशिलता बढेको छ ।<br>• १ वटा गाउँ भूमिअधिकार मञ्च गठन भएको छ । (खुनगई भूमिअधिकार मञ्च म : ६ पु : २४)<br>• जिल्ला भूमिअधिकार मञ्च र उखडा पिडीत किसान जिल्ला समितीले आन्दोलनको अगुवाई, कार्यक्रमको व्यवस्थापन र संचालन समेत आफै गर्न थालेका छन् ।<br>नवलपरासी<br>• राष्ट्रिय भूमिअधिकार मञ्च जिल्ला समिती नवलपरासीको सम्पर्क कार्यालय स्थापना व्यवस्थापन (टेवुल–१, फलामको कुर्सी–३ र प्लाष्टिकको कुर्सी–६) र नियमित संचालन भैरहेको छ ।<br>• जोतभोग तथा वसोवासको आधार प्रमाणको लागि जमुनियामा ३६ र दाउन्नेदेवी गाविसमा २७२ जना सुकुम्वासीको सिफारिसको लागी निवेदन पेश भएको छ ।<br>• नारायणी नदीवाट बिस्थापित कोलुवा ४ वाढीपिडीत शिवीरका ६५ घरपरिवारको सरकारी पक्षवाट नापनक्शा गर्ने काम सम्पन्न भएको छ । |
| सिकाई | • रुपन्देही र नवलपरासीमा मञ्चकै पदाधिकारीहरुमा अन्तरविरोध देखिनु (मधेशी र पहाडी मुलका व्यक्तिहरुमा एकअर्कालाई बिरोधीको रुपमा हेर्ने प्रवृती रहेको छ ।)<br>• पूर्णकालिन कार्यकर्ता र कार्यालय सचिवमा काम गर्ने प्रक्रिया र अभिलेखनको पातोमा शिपको कमी भएको कारण मञ्चलाई संस्थागत बिकाश गर्न गाह्रो भैरहेको । |
| चुनौतीहरु | • पिडितवाटै अगुवा निर्माण, क्षमता बिकास र परिचालन ।<br>• ग्रामिण क्षेत्रमा ठुलठुला कार्यकम (जिल्ला भेला र साईकिल र्‍याली) गर्दा पनि |

| | |
|---|---|
| | जिल्लास्तरका राजनीतिक दलका नेता, पत्रकार र सरकारी निकायका प्रमुखहरुको सहभागिता भएन, सहभागिता बढाउन उनीहरुलाई प्रशिक्षणका लागि आमन्त्रण गर्ने । |

## समिक्षा र मनन्

विभिन्न क्रियाकलापको चाङ लाग्यो । परिवर्तन देखिएन । परिवर्तन आउने एक्सनमा जोड दिन जरुरी छ । कामहरु टुक्रा टुक्रा भयो । जोडिएन । एक पटक गरेको कामको फलोअफ गर्न सकिएको छैन् । भूमिअधिकार मञ्च, अव के कसरी अगाडि जादैंछ ?

| प्रस्तुती | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ५, काठमाडौं |
|---|---|
| मुख्य प्रयास | • जनमुखी शिक्षा तालिम<br>• जिल्लास्तरीय अन्तरक्रिया<br>• गाउँ शिविर<br>• भूमिसुधारको सामुदायिक अभ्यास<br>• जिल्ला मञ्चको योजना निर्माण र कार्यान्वयन |
| उपलव्धीहरु | • रसुवा, पर्वत र सिन्धुपाल्चोक जिल्ला मञ्चको अभियान योजना तयार भई कार्यान्वयनमा ल्याईएको छ । स्थानीय सवालमा नियमित रुपमा अभियान भैरहने स्थिती बनेको छ ।<br>• सिन्धुपाल्चोकको राम्चे गाविसमा भूमिसुधारको सामुदायिक अभ्यासको थालनी गरिएको छ । यसअन्तर्गत हालको अवस्था, भूमिसुधारको खाका, कार्यान्वयनको लागि योजना, संगठन निर्माण,स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु समेत मिलेर भूमिसुधारको खाकामा सहमती र जिल्लास्तरीय सरोकारवालासँग छलफल गरी योजना कार्यान्वयनको काम अघि बढिरहेको छ ।<br>• रसुवाको हाकु गाविसमा गुठी पिडितहरुको २ दिने शिविर सम्पन्न भयो । शिविरमा ४९ (२० महिला) जना अगुवाको सहभागिता थियो । गुठी समस्याको परिवेश विश्लेषण, कानुनी कुराको जानकारी, संगठन बारे छलफल भई सोही सवालमा चरणबद्ध आन्दोलनको योजना निर्माण भएको छ ।<br>• यसै अनुरुप असार १ गते हाकुका गुठीपिडित किसानले सदरमुकाम धुन्चेमा प्रदर्शन गरी प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन् । किसानमा अभियानप्रती चासो बढेको छ ।<br>• रसुवामा भुमि समस्या समाधानमा सरोकारवालाहरुको भुमिका विषयक अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ६३ जना (४८ पुरुष, १५ महिला, २३ जनजाति) |

| | |
|---|---|
| | बिर्ता तथा गुठीपिडित किसान जिल्लाका सरोकारवाला निकायका कार्यालय प्रमुख, राजनीतिक दलका प्रतिनीधिहरु, भूमिसुधार तथा व्यबस्था मन्त्रालयका उप सचिव भेष बहादुर कार्की, सभासद प्रेम तामाङको उपस्थिति थियो । यस समस्या समाधानका लागि जिल्लामा प्रमुख जिल्ला अधिकारी सहित सर्वदलीय बैठक बसेर मन्त्रालयमा डेलिगेसन आउने तयारी भईरहेको छ ।<br>• जनमुखी शिक्षा तालिम सञ्चालनबाट १७ जना (महिला ९) अभियानकर्ताहरु संगठन र समुदायतहमा जनमुखी शिक्षा केन्द्र सञ्चालन गर्न सक्ने भएका छन् । |
| **सिकाई** | • अभियान उठाउनु पूर्व प्रशस्त तयारी आवश्यक : सवाल पिडितहरुको अभियानको योजना निर्माण तहदेखि नै सहभागिता, पिडितहरुको सशक्तिकरण (गाउँ शिविर, प्रशिक्षण, अगुवा भेला आदि)<br>• जनमुखी शिक्षा केन्द्रलाई हामीले कुनै एक काम हैनकी समग्र अभियानकै आधार र माध्यमको रुपमा लैजानु पर्दछ । |
| **चुनौतीहरु** | • समावेशी जनशक्ति छनौटमा ठूलो विवाद र लामो समय खर्च : यसका लागि आबश्यक छलफलबाट सूचक र आधारहरु तयार गरी त्यसैको आधारमा छनौट गरियो ।<br>• सिन्धुपाल्चोकमा हक पाएका किसानहरु आन्दोलनबाट पाखा लाग्नु : कारण, हाम्रो कमजोरी, अपनाउनु पर्ने रणनीतिका बारेमा छलफल भईरहेको छ । कृषि सहकारी शुरुवात भएको छ । |





कान्तिपुर | शुक्रबार ११ वैशाख २०६६ (Friday, April 24, 2009)

# रसुवाका भूमिहीन आन्दोलित

कान्तिपुर संवाददाता

रसुवा, १० वैशाख- मालपोतले अस्थायीय जग्गाधनी प्रमाण पुर्जा दिएर झुक्क्याएको भन्दै हाकुका भूमिहीन आन्दोलित भएका छन् । उनीहरू गुठी जग्गा प्राप्तिका लागि मालपोतविरुद्ध आन्दोलन उत्रने चेतावनी दिएका हुन् ।

दुर्गम गाउँ हाकुबेसीमा हाले राष्ट्रिय भूमिअधिकार मञ्चले गुठी पीडितहरूको सवाल अन्तर्क्रिया कार्यक्रममा गुठी जग्गा रैकर नभए सशक्त आन्दोलन गर्ने पनि बताएका छन् । हाकुमा करिब १ सयको अस्थायी पुर्जा मालपोतले दिएको मञ्चले जनाएको छ ।

सदरमुकाम धुन्चेबाट पाँच घन्टा टाढा रहेको हाकुमा १, ८ र ९ नम्बर वडाबासीबाहेक अरू वडाका स्थानीयवासी भूमिबाट वञ्चित छन् । यहाँका ५ सय घर भूमिहीन छन् ।

तत्कालीन राजा पृथ्वीनारायण शाहको शासनकालमा हाकु गाविसको २ नम्बर वडादेखि ७ सम्मको जग्गा काठमाडौंस्थित स्वायम्भु ध्याङ गुठी नाममा लामालाई दिइएको हाकुबासीको भनाइ पाइन्छ । उनीहरूका अनुसार राजाको काम गरेबापत लामाले बक्सिसका रूपमा स्वायम्भु ध्याङको पूजापाठ चलाउन गुठीको नाममा जग्गा दिएको स्थानीयले बताए ।

भूमिहीनलाई मालपोत कार्यालयले दिएको अस्थायी जग्गाधनी पुर्जा कुनै पनि बैंकले धितो स्वीकार गर्दैन ।

बिजुली बत्ती, सानोतिनो व्यवसाय गर्न अस्थायी पुर्जा काम नलाग्ने मञ्चका उपाध्यक्ष डिठा तामाङले बताए । उनले भने, 'मालपोतले यहाँका भूमिहीनलाई झुक्याएर फटाहा काम गर्‍यो ।' मालपोत कार्यालयले भने हाकुबासीलाई कुनै अस्थायी पुर्जा नदिएको जनाएको छ ।

निमित्त प्रमुख मालपोत अधिकृत भूपबहादुर बोगटीले भने, 'आफूले त्यस्तो पुर्जा दिएको थाहा भएन ।'

बोगटी थपे, 'कार्यालयले तीन वर्षअघि गुठीको सहमतिमा लाग्ने दस्तुर तिरेर जग्गा रैकर गर्ने प्रावधान हुँदा उनीहरूले बेवास्ता गरेको बताए । 'त्यतिबेला रैकरमा जग्गा परिणत गर्न नमानेनन्,' निमित्त प्रमुख मालपोत अधिकृत भूपबहादुर बोगटीले भने, 'धेरै रकम राजस्व तिरेर रैकर गर्न सकियो ।'

मालपोतका अनुसार तीन वर्षयता रैकर गर्ने व्यवस्थालाई सर्वोच्च अदालतले नै खारेज गरेको अधिकृत बोगटीले बताए । १ सय ३३ रोपनी जग्गा कमाउँदै आएको सबैभन्दा बढी सारीमिङ्ठी तामाङको आधाभन्दा बढी जग्गा गुठीमा छ । विगतदेखि नै शोषणको जालोमा पर्दै आएको उनले बताए । स्थानीय शासकले आफूहरू पुस्तौंदेखि गुठीपीडित हुनुपरेको दुःखेसो पोखे । भावी सन्तानको लागि भूमिअधिकारको जग्गा प्राप्तिको सशक्त आन्दोलनमा उत्रने भूमिहीनको बताएका छन् ।

भूमिहीनले ०४६ देखि गुठीको कुत तिर्न छाडेका छन् । गुठीको कुतबापत मकै, कोदो, फलफूललगायत तिर्नुपर्थ्यो । भूमिआन्दोलनको सुरुवात गर्दै राष्ट्रिय भूमिअधिकार मञ्चकी केन्द्रीय सदस्य, नेपाल कृषि वन प्रतिष्ठानका कमल आचार्यले भूमिप्राप्तिका लागि आन्दोलनमा सहभागी हुन सबैसँग आग्रह गरेका छन् ।

अरु मुद्दामा कतिसम्म जाने भन्ने कुरामा सचेत हुन आवस्यक छ । यती हामी धेरै लचिलो भयौं भने भूमि आन्दोलन स्वास्थ्यको आन्दोलन भएर निस्कने डर होलाकी ?
गुठीको सम्बन्धमा अडान के हो ?
पुर्नवितरण र अधिकारको पनि मुद्दा होकी ? सुधार र कृषि कार्यक्रम मात्र हो ?
खाका मात्र होकी ? व्यवहारमै केही गर्न शुरु गरिको छ ?
राजनीतिक दलको सहयोग के हुन सक्दो रहेछ ? जटिलता के के आए ? ध्यान दिनु पर्ने कुराहरु के के हुन् ? हदबन्दी र चक्लाबन्दी चाँही कसरी गर्ने सोचाई छ ?

भूमिसुधारको मोडल नभनेर हामीले अभ्यास भन्न थालेका छौं । मोडल त हेर्नेले भएपछि भन्ने हो । हामीले कृषिसुधार भन्दा अगाडि भूमिसुधार र त्यसभन्दा पनि अघि भूमीअधिकारको समस्यालाई हल गर्ने हिसावले सोचेका छौं । मिलेसम्म जग्गा साटफेर

गरेर जग्गालाई एकिकृत गर्ने कुरा आईरहेको छ । यस काममा असल र यो काममा गर्नुपर्दछ भन्ने मान्छे तयार पारेर परिचालन गरिएको छ । बनीबनाउ कुरा हैन, व्यापक छलफल गरेर, सोचहरु त्यँहीबाट उमार्ने प्रयत्न गरिएको छ । सवै दलहरुलाई जिम्मेवार बनाउने र संलग्न गराएर लाने कोशिस गरेका छौं । गाविस, जिविस र मन्त्रालयको अपनत्व, जोनिङ्ग, मन्त्रालयको नीतिगत सहयोग आदि विषयमा पनि कुरा उठिरहेको छ । चुनौतीलाई कसरी सामना गर्ने भन्ने कुरामा गृहकार्य भईरहेको छ ।

| प्रस्तुती | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ६, बर्दिवास |
|---|---|
| मुख्य प्रयास | • नियमित अध्ययन, छलफल, वहस, अन्तरक्रिया र तालिम तथा कार्यशाला<br>• अधिकार हनन्का घटनाको विरुद्धमा विरोध ऱ्याली र सभाहरु<br>• कानुनी कुरा अध्ययन सुरुवात, विश्लेषण र छलफल<br>• अधिकारबाट बन्चितहरुको जनसंगठन निर्माण र क्षमता विकासमा नियमित सहयोग,<br>• भूमिसुधारको स्थानिय तहमा सामुदायिक अभ्यासको नयाँ खाका तयार र वहसको काम,<br>• भूमिअधिकारको सवाललाई प्रमुखताका साथ आफ्ना नीति तथा कार्यक्रममा समावेश गर्न विभिन्न राजनीतिक पार्टीहरुसँग सम्बाद सहकार्य, |
| उपलब्धीहरु | • बर्दिबास श्रोत केन्द्र र जिल्ला भूमिअधिकार मञ्चहरुको वार्षिक योजना तयार भई सम्बन्धीत मञ्चसँग सम्झौता  र योजना निर्माण भई काम अगाडि बढेको छ ।<br>• सागरनाथ वन विकास परियोजनाबाट ७ हजार ५ सय परिवार विस्थापन हुनबाट रोकिएको छ ।<br>• पिपलडाँडा भूमिअधिकार मञ्चले ८४ घरधुरी सुकुम्बासीलाई सार्वजानिक खाली जग्गामा (५ विघामा) बसोबास गराएको जस्लेगर्दा ढुक्कसँग बस्ने वातावरण बनेको,<br>• वारा जिल्लाको पिप्रा सिमराको ३२ घरपरिवारलाई **“विशेष आर्थिक क्षेत्र”** Special Economics Zone(SEZ) कार्यक्रमले हटाउन गरेको प्रयास विरुद्ध गरिएको विरोध कार्यक्रमले त्यहाँ रहेका सुकुम्बासीहरुको शक्ति स्वीकार गरी उनिहरुको वैकल्पिक व्यवस्था गर्नको लागि तयार भै छलफल तथा आधिकारीक सम्बाद अगाडि बढिरहेको,<br>• भूमि पाठशाला सञ्चालनमा आई स्थानिय तहमा संगठन तहको योजना भई |

| | |
|---|---|
| | सो योजना अनुसार स्थानिय अभियान उठन थालेको र सहभागीहरुको बार्गेनिङ्ग पावर बढेको, |
| **सिकाई** | • मूख्य समस्यालाई छाँयामा पार्न विभिन्न तिकडम हुनेहुदाँ सो प्रति सजग रहनुपर्छ । संस्थाको आफ्नो विचार, दृष्टिकोण र तरिकाको पद्धतीमा अभिलेख तयार गर्नुपर्छ ।<br>• अहिले र कामपछिको अवस्थामा आउने परिवर्तनको सूचकमा स्पष्टता हुनुपर्ने रहेछ । सूचना प्रवाह सबै गतिविधिहरुसंग सम्बन्धित काम भएकोले यसलाई पर्याप्त महत्व र ध्यान दिनु जरुरी छ ।<br>• योजना अनुसारको कामा मात्रै अभियान उठ्छ भन्ने होईन रहेछ, नसोचेको मुद्दाहरुमा पनि कहिलेकाँही अपर्झट आन्दोलन उठने रहेछ, त्यसतर्फ चनाखो भई रणनीति हिसाबले आन्दोलन उठाउनु पर्दो रहेछ । **योजनामा छैन र पैसा छैन भनेर बस्ने होईन ।** |
| **चुनौतीहरु** | • समग्र भूमिको सवालमा आधारित एक मात्र जन संगठन राष्ट्रिय भूमि अधिकार मञ्च कै आफ्नो आन्तरिक संगठनात्मक संरचनाहरु र मञ्च तथा सहयोगी संस्था विच अन्तरविरोध बढ्नु । आन्दोलनमा पूर्णकालिन कार्यकर्ता परिचालन अव्यवहारिक भएर देखा पर्नु ।<br>• आन्दोलनमा मानविय नैतिकताको आधारमा गर्नु पर्ने र गर्न सकिने कार्यमा पनि अन्य श्रोत र पैसाको भर पर्ने प्रवृति बढ्दै जानु ।<br>• अधिकार प्राप्त भएपछि समुदायलाई आफ्नो दलगत राजनीतिमा परिचालन गर्न गाह्रो हुने मानसिकताले भूमिको सवाल समाधान गर्न दलहरुमा मजवुत इच्छाशक्ति नदेखिनु । |

## वन कार्यालयले दलित वस्तीमा आगो

रौतहटको विश्रामपुर गा.वि.स. चौदेखोलाभन्दा पूर्व वागमती नदीभन्दा पश्चिम दुवै तर्फबाट कटान गरी त्यहाँको वनलाई V आकार बनाएको छ । त्यही V आकार बनाएको विश्रामपुरको जंगल किनारको वस्ती हो वलेरीखोर । दक्षिणतिर ३० कि मी. तल बोर्डरसम्म फैलिएको घना वस्ती र त्यो वस्तीको चापले नाँसिदै गएको वन वस्ती चउर बनेको छ । त्यही नाँसिदै गएको वन वस्ती चउर बनेको ठाँउमा छाप्रो हालेर २३ घरधुरी दलित चमारहरु बसेका छन् । त्यहाँ पुग्न डुमरीयाबाट पैदल १.५ घण्टा देखि २ घण्टा लाग्छ । त्यही बस्तीमा यसपाली यही असार ६ गते दिउँसो ति सुकुम्वासीका २३ घर छाप्राहरु हटाउने ७ दिने सूचना अगाडि नै काटी जलाई

दिए । ती घरहरु जलाउनु भन्दा अगाडि सुकुम्वासीहरुले आगो नलगाउन अनुरोध गरे, उनीहरुले मानेनन् महिला पुरुषसँग सुरक्षाकर्मीको लछारपछार भयो । सुरक्षाकर्मीहरु धेरै थिए, सुकुम्वासीहरुको केहि लागेन गत वर्ष जिल्ला विकास समितिले राखेको वस्तीका बासिन्दाले समेत हावा छ आगो नलगाउनुस भन्दा नमानी आगो लगाए केहि छिनमै आगो बस्तीमा फैलियो र बस्तीका ७ घर जले ।

घर पोल्नमा समुदायका ठुलाबडाको हात छ भन्नुहुन्छ राजेन्द्र राम । उहाँका अनुसार धनिले पहिला पहिला दलित समुदायलाई आफ्नो गाउँको छेउछाउमा सुरक्षा कवजको रुपमा राख्दथे र सस्तो श्रमिकको रुपमा प्रयोग गर्दथे । हामी गाउँमा ५ केजीमा अन्नमा काम गर्दैनौ अली टाढाँ जाँदा दैनिक २ सयदेखि २ सय ५० सम्म दैनिक आम्दानी गर्न सकिन्छ भने गाउँमा किन गर्ने कही पनि सस्तो ज्यालामा काम गर्दैनौ । त्यही स्वार्थ पुरा नभएका कारण घरहरु जलाईयो । पीडित मध्येका भगिरथ महरा भन्नुहुन्छ हाम्रो जाने ठाउँ अन्त कही छैन भए यस्तो जंगलको किनारमा जंगली हात्तीले दु:ख दिने ठाउँमा किन वस्नु ।
स्थानिय- किसोरी पटेल भन्नुहुन्छ सवैलाई बस्नको लागि जमिन चाहिन्छ घडेरी चाहिन्छ । जुन कुरा पिडितसंग छैन त्यसका लाग हामी सवै लाग्नु पर्छ ।जयमंगल राम भन्नुहुन्छ साझेदारी वन समितिका प्रतिनिधिहरु राम आधार पटेल र टेकनाथ पटेलको अगुवाईमा हाम्रो घर पोलियो । हामी अर्को व्यवस्था नहुन्जेल यो ठाँउ छाड्दैनौ ।

यिनै साझेदारी वन समितिका सदस्यहरुको अगुवाईमा १० विघा बनको जमीन गुठिको नाममा छुट्याएर राखेका छन् । हामीलाई ५ विघाले घरवास पुग्छ तर राख्ने कुरा गर्दैनन् । द्वन्द्वका समयमा दक्षिण रमौलीतिरबाट आएका ५० घर जतीले कम्तीमा १० कट्ठादेखि बढिमा ५ विघासम्म वनकै क्षेत्र अतिक्रमण गरेर बसेका छन् । यिनै ५० घरभित्र पर्छन, रौतहट क्षेत्र नं. ६ का सभाषद देवेन्द्र पटेल उनले ५ विघा जति जमीन भोग गरेका छन् । अहिले त्यहाँ उनका दाजु नागेन्द्र पटेल बस्नुहुन्छ । हटाउने भए सबै बसोबास हटाउनु पर्‍यो होइन भने गरिवलाई मात्र किन ?

## समिक्षा र मनन्

पिपलडाँडा भूमिअधिकार मञ्चले घर बनाएर बसेका ८४ घरले अनुभुती गरेको कुरा के हो ? हामीले उठाउनु पर्ने आन्दोलनलाई छोडेर अरुमा बढि समय गयोकी ? २०३५ सालमा स्थापना भएको सागरनाथ बन परियोजना बारे २, ३ वर्षदेखी कुरा उठिरहेको छ, तर आन्दोलन उठेको छैन । यस वर्ष अलि उठेको होकी ? जस्तो भएको छ यसलाई सफल बनाउनु पर्दछ । सागरनाथ बन परियोजनाको विषयमा विस्तृत अध्ययन गरेर सवाललाई बाहिर ल्याउन पाए हुन्थ्यो । अवको योजना बनाउँदा सवाल के हो ? पहिले त्यसमा गृहकार्य गर्नुपर्दछ । प्रस्तुत सवै अन्याय र शोषणका विषयमा छलफल र किटानी आन्दोलन चाहिन्छ ।

| प्रस्तुती | जनचेतना दलित संगम |
|---|---|
| काम गर्दा अपनाईएका तरिकाहरु | • भूमि अधिकार मञ्च समझौता सप्तरी, सिरहा, उदयपुरमा सम्पन्न ।<br>• भूमिअधिकार आन्दोलनलाई अगाडि बढाउन मञ्चको संस्थागत तथा क्षमता बिकाश गर्न र उनीहरु आफै अभियान अगाडि बढाउनको लागि सप्तरी सिरहा, उदयपुर, मञ्चसंग त्रिपक्षिय सम्झौता गरिएको छ । उनीहरु अभियान योजना बनाएर अगाडि बढीरहेको छ ।<br>• भूमिअधिकार अभियानकर्ता बैठक अभिमुखीकरण परिचालन तिन वटै जिल्लामा ।<br>• हरुवाचरुवाद्धारा हलोजुवा प्रर्दशन । |
| उपलव्धीहरु | • सप्तरीमा ९० सिरहामा १०६ वटा भूमिअधिकारबाट बंचितहरुको जनसंगठन गठन गरी चार हजार ९ सय हरुवाचरुवा भूमि पीडितहरु आबद्ध भएका छन् । उनीहरु जिल्ला भूमिअधिकार मञ्च रुपमा काम गर्दै राष्ट्रिय मञ्चमा आबद्ध भएका छन् । पीडितहरुमा आफ्नो हकदावी गर्न वहस पैरवीको क्षमताको विकास भएको छ ।<br>• यस जिल्लामा १३० जना हरुवाचरुवा, भूमिआन्दोलनको नेतृत्व गर्न सक्ने कार्यकर्ताको निर्माण भएको छ । उनीहरुले हरेक ठाउँमा भूमि र मुक्तिको मुद्दालाई सशक्त ढंगले उठाउन सक्ने भएका छन् ।<br>• मधेसमा भूमिसुधारको मुद्दा सबै, राजनैतिक दल, सञ्चार माध्यम, जिल्लाका बुद्धिजीवीले चासो राख्न थालेका छन् ।<br>• भित्तेलेखनले समुदायमा ब्यापक रुपमा हरुवाचरुवा, भूमिसम्बन्धी बहसको सुरुवात भएको छ ।<br>• हरुवाचरुवाहरु आफना अधिकारका लागि सचेत भई आफुले काम गर्ने ठाउँमा उचित ज्याला र समय अनुसारको काम गर्ने र मालिकसंग आफै बहस छलफल गर्न सुरुवात गरेको छ ।<br>(हरिपुर ५बाट ८ किलो)<br>• अभियानकर्ताबैठक सप्तरी सिरहा १८जना आन्दोलनबारे र जनमुखी शिक्षा अभिमुखीकरण संचालन योजना निर्माण भएको छ ।<br>• मधुपट्टि ३ मा ८५ घर दलितले ३ हेक्टर ऐलानि जग्गामा सामुहीक खेती गरेका छन् ।<br>• सप्तरी र सिरहामा ३६ वटा जनमुखी कक्षा सचालन भएको छ जसमा महिला ५९४ पुरुष ३९१ दलित ७४२ जनजाति २३४ जना भागलिएको छ र |

| | |
|---|---|
| | उनीहरु आफना अधिकारको सबालमा छलफल आन्दोलनसुरुवात गरेको छ । जस्तै हकदाबी, बिधालय भर्ना, ज्याला बृदि |
| **सिकाई** | • सस्था र मञ्चको भूमिकाहरु फरक स्वतन्त्र पुर्बक अगाडि नबढाएसम्म आन्दोलन अगाडि बढाउन कठिन हुदों रहेछ त्यसैले स्रोत सस्था, मञ्च प्रष्ट हुन आबस्यक छ । |
| **चुनौतीहरु** | • हरुवाचरुवा अधिकार मञ्चको क्षमता विकास र निरन्तर परिचालनमा कठिनाई<br>• संस्थाहरुको मञ्च प्रति हेर्ने दृष्टीकोण फरक हुनु<br>• सिरहाको तरेगना घटना कसरी जित्ने ? यहाँ हारेमा धेरै ठाउँ हारिन्छ । |



# मुक्तिका लागि हरुवाचरुवा संगठित

■ भरत जघामकर

लहान, ७ माघ- सरकारले पश्चिममा 'कमैयामुक्त' घोषणा गरेपछि पूर्वी क्षेत्रको सिरहा र सप्तरीका हरुवाचरुवासमेत संगठित भएका छन् । ०६१ मा सप्तरीका दर्शन मण्डलको अध्यक्षतामा गठित हरुवाचरुवा मञ्चले मुक्तिका लागि जागरण अभियान सुरु गरेको छ ।

उनीहरूले संगठनलाई बलियो बनाउन सप्तरीका हरिपुर, टिकुलिया, मलेनिया, मधुपट्टीलगायत २३ गाविसमा संगठन विस्तार गरेका छन् । मण्डलले भने, '२३ गाविसका १५ सयभन्दा बढी सदस्य मञ्चमा आबद्ध भएका छन् ।'

सप्तरी हरिपुर-६ का तीसपुरी हरुवा ४५ वर्षीय मण्डलको घर डेरा बसेको ६ धुरमात्र जग्गा छ । त्यो जग्गा पनि आफ्नै नामको होइन । उनको तीन पुस्ताले गिरहत (मालिक) को जोतेको सयौं बिघा जग्गा उर्वर भएको छ । गिरहतका लागि अन्नबाली उब्जाएर भकारी भरिएका छन् । त्यतिमात्र होइन, उनीहरूले गिरहतको घरमा हरुवा बसेर जीवन बिताइसकेका छन् । उनी भन्छन्, 'त्यसैको निरन्तरता मेरो नियति बनेको छ ।'

तीन छोरी र एक छोराका बाबु मण्डलका आफ्नै नेर्ती सानको जीवन जमिनदार विन्देश्वर यादवको गाई चराउने र त्यो जग्गैमै बित्यो । बुवा फेकुले पनि हरुवा भएरै जीवन कटाए । राजेन्द्र साहको घरमा १५ वर्षदेखि हरुवा बस्दै आएका छन् । घामपानी छेक्ने घर बनाउने ठाउँ र परिवारको हातमुख जोड्न पनि अर्काको मजोनी धर नपाएको उनी बताउँछन् ।

५ वर्षको कलिलो उमेरदेखि बुवा फेकु हरुवा बसेको गिरहतको गाईभैंसी चराउन बसेका मण्डलले हलोको लगना समाउन र अनि गह्रौ काम गर्न जानेपछि हरुवा बस्न थालेका थिए । अहिलेसम्म उनले ७ गिरहतकहाँ काम गरिसकेका छन् । उनका परिवारलाई अर्को साल बिहान चुलो बाल्ने समस्याले पिरोलेको छ ।

मण्डल भन्छन्, 'अब बाजेबाबुको जस्तो हरुवा बसिरहँदिनँ । छाक टार्ने समस्याबाट मुक्ति खोज्दै छौं ।' बाबुबाजेदेखिको यही समस्या मुक्ति र हरुवाचरुवाको अधिकारका लागि दैनिक हरुवाही गरेर मुक्ति अभियानमा लागिपरेका छन् ।

**२३ गाविसका १५ सयभन्दा बढी सदस्य मञ्चमा आबद्ध भएका छन्**

दैनिक १६ घन्टासम्म काम गर्दा गिरहत कहिल्यै खुसी नहुने र कामअनुसारको ज्याला नपाएको तीतो अनुभवले अधिकार आन्दोलन ऊर्जा बनेको छ । हरुवाचरुवाको जीविकोपार्जनसँग जोडिएको आधारभूत मागलाई बुलन्द गर्न उनीहरू जिल्लादेखि काठमाडौं केन्द्रित आन्दोलनमा समेत सक्रिय छन् । महानचालयच्याका लागि गिरहतको हलो जोत्ने काम निरन्तरता दिँदै समय निकालेर सांगठनिक अभियानमा लागी आन्दोलन जारी राखेको दर्शन बताउँछन् ।

पहिला हरुवाही गर्दा १६ घन्टासम्म काम गर्ने दर्शन अहिले सिजनमा गिरहतको काम गर्छन् भने बर्षेबाली भित्र्याएर हिउँदेबाली लगाइसकेपछि उनी आन्दोलनमा समय दिन्छन् । संगठित भई अभियानबाट आन्दोलन प्रारम्भ गरेका हरुवाचरुवाले दर्शनको नेतृत्वमा जागरण अभियानसहित 'अधिकारका लागि काम हड्ताल' अभियानसहित जिल्लास्तरमा नेतृत्व विकास तालिम र गाउँदेखि जिल्ला हुँदै काठमाडौंमा सभा गर्ने तयारी गरिरहेका छन् ।

'नेतृत्व विकास तालिम र गाउँस्तरसम्मको सभा सुरु गरिसकेका छौं,' उनले भने, 'यसबाट पनि गिरहत र हरुवाचरुवामा परिवर्तन आउन थालेको छ ।' पहिला गिरहतका अघि बोल्न डराउने उनीहरू ज्याला मागसँगै अधिकारका कुरा खुलेर गर्न थालेका छन् । दलित जनचेतना संगम सप्तरीका अनुसार सप्तरीमा २६ हजार ९ सय ४ जना र सिरहामा १८ हजार १ सय ६१ हरुवाचरुवा छन् ।

बन्दुकका नाल बरामद

कान्तिपुर २०६५ माघ ८ गते पे.नं. ५ मा

## परिवारमा खुशी आएको छ



सप्तरी मधुपट्टी गा.वि.स. ३ बस्ने मुगाई रामका ७२ वर्षीय फुलाई राम पुस्तौंदेखि मधुपट्टिकै जमिन्दार गणेश खरेलको जग्गा जोत्थे । २०१५ सालदेखि जोत्दै आएको २ बिघा ७ धुर जग्गामा मोहीयानी कायम हुन सकिरहेको थिएन । जग्गा धनीलाई भनेपनि 'पछि पछि भई हाल्छ' भन्दै आलटाल गर्दै आए । उनिसँग २२ सालमा लिएको अस्थायी निस्सा थियो । 'मोही हुन दिन्न' भन्दै जमिनदारले उनलाई तर्साइ रहन्थे ।

त्यसका लागि जमिन्दारले जोत्दै आएको जग्गाको बाली खोस्ने, बाली लुटपाट गर्ने गर्थे ।

त्यही जग्गा जमिन्दारले छोरा पुष्कर खरेल, छोरी अमिरका खरेल ,राजराजेश्वरी खरेलको नाममा नामसारी गरिदिए । उनले भने 'मैले जग्गा जोत्दै थिएँ, २०६० सालमा द्वन्द्वकालको फाइदा उठाउँदै जमिन्दारले अनेक धाक धम्की देखाएर जग्गा खोस्यो ।'
जग्गा खोसेपछि रामको ११ जनाको परिवार समस्यामा पर्‍यो । यसपछि ८ कक्षा पढ्दैका दुई नातिहरुलाई रोजगारीको निम्ति अन्यत्र पठाए । जोत्दै आएको जग्गा खोसिएपछि उनले हार गुहार गरे, कतै सुनुवाई भएन ।

२०६० साल मै जनचेतना दलित संगमले स्थानीयस्तरबाट भूमि आन्दोलनको शुरुवात गरेको थियो । त्यसै क्रम्मा फुलाई राम पनि स्थानीय भूमिअधिकारको जनसंगठनमा आबद्ध भए । उनले संगठनमा सबै समस्या सुनाए । संगममा घटनाबारे प्रारम्भिक रिपोर्ट सहजकर्ता र जनसंगठनमा व्यापक छलफल गरेर मोही सम्बन्धी सबै प्रमाणहरु जुटाईयो । त्यही वर्ष जिल्ला भूमिसुधार कार्यालयमा मुद्दा दर्ता गरी मुद्दाको वहसको क्रममा संस्थामार्फत् कानुनी सहयोग, डेलिगेशन गईयो । २०६५ साउन २७ गते मुद्दाको फैसला फुलाई रामको पक्षमा भयो ।

मोहयानी हक कायम भएपछि यो वर्षदेखि रामले २ बिघा ७ धुर जग्गा पाए । जग्गाको मूल्य ५लाख रुपैयाँ बराबर छ । जग्गा त्यस क्षेत्रकै राम्रो उब्जनी हुने जग्गामा पर्दछ । रामलाई परिवार पाल्न सहज भएको छ । जग्गा पाएपछि विद्यालय छोडाएर रोजगारीका लागि अन्यत्र पठाएका नातिहरुलाई फर्काएर गाउँकै स्कुलमा भर्ना गरिदिएका छन् । जीवनको उत्तरार्धमा आएर जीवनभरि पसिना बगाएको जग्गाको मालिक बन्न पाएकोमा उनी फुरुङ्ग छन् । उनले भने 'अहिले पाएको सबै जग्गामा दाल बाली लगाएको छु ।' जग्गालाई सुरक्षित गर्न सबैले भूमिअधिकार आन्दोलनमा लागिरहनु पर्ने उनको कथन छ ।

## समिक्षा र मनन्

शिबिरको परिवेश के हो ? विषयहरु उठान गर्ने, छोडिदिने । जोड्ने र फलोअफ कसरी गर्ने ? गाविसबाट धेरै रकम कसरी आएको छ ? जागरण अभियानमा के भयो ? सामूहिक खेती गरेर के भयो ? कति जना दर्शन दाजु जस्ता अगुवा तयार भए ? एक बोरा चिठी प्रधानमन्त्रीलाई पठाएर के भयो ? अभियानकर्ताले गरेका बैठकले के प्रभाव देखाएका छन् ?

जे काम गर्ने हो अलि ठुलै आकारमा गर्नुपर्दछ । घटना र प्रतिरोधको अभिलेखन भएन् । हाल विभिन्न सवालमा भएको प्रयत्न एवं प्रयास पछिको फलोअफ आन्दोलन के हो ? यसमा समयमै बिचार पुऱ्याउनु पर्दछ । समस्या मात्र उतारेर हुदैंन । उपयुक्त विकल्प र रचनात्मकता पनि चाहिन्छ। काम गर्नेहरुको बुझाई जति फराकिलो भयो त्यती आन्दोलन पनि फराकिलो हुने हो । हामीले सिक्न र गर्न उत्साही हुने वातावरण बनाउनु पर्दछ।

ऐलानी जग्गामा घर बनाएर बसेका मध्ये पिल्लर उठाएर घर बनाउनेको कसैले केही गरेको छैन्, झुप्राहरु मात्र पोलिएको छ ।

| प्रस्तुती | अभियान नेपाल |
|---|---|
| **काम गर्दा अपनाईएका तरिकाहरु** | • जिल्ला मञ्चसँग छलफल, योजना तयारी र कार्यान्वयन<br>• बेदखली बिरुद्ध तथ्यांक संकलन र अभियान<br>• दल र सरोकारवालाहरुसँग छलफल (स्थानीय र जिल्ला तहमा)<br>• संचार परिचालन (देशका २२ वटा एफएम रेडियोमा पालैपालो बज्ने रेडियो कार्यक्रम फराकिलो धर्तीको असार १३ गतेको कार्यक्रम भूमिअधिकार आन्दोलनका बारेमा तयार गरि प्रसारण गरिएको थियो)<br>• स्थानीय अभियानकर्ता, स्थानीय संगठन, स्थानीय सवाल र स्थानीय आन्दोलन |
| **उपलव्धीहरु** | • संगठनले समुदायलाई बलियो बनाएको छ । समुदायमा भएका अन्याय र थिचोमिचोका घटनाहरु बाहिर आउन थालेका मात्र नभई समुदायले प्रतिरोध समेत गर्न थालेका छन् ।<br>• बेदखली अन्याय हो भन्ने कुरामा सरोकारवालाहरु सहमत भएका छन् । बेदखली गर्ने कार्यकर्तालाई कारवाही गर्न राजनीतिक दलहरु सहमत भएका छन् ।<br>• सरोकारवालासँग जिल्लास्तरमा भूमिअधिकारबारे छलफल भएपछि भूमि प्रशासनमा जनताका कामहरु छिटोछरितो सम्पादन हुनथालेका छन् ।<br>• सुनसरी जिल्लामा रु. ४७ हजार तथा झापा जिल्लामा रु. १२ सय बराबरको आन्दोलन कोष जम्मा भएको छ ।<br>• आन्दोलनले किसानहरुले अधिकार पाएँ । दुर्गा लुईंटेलले ७ कट्ठा जग्गाको लालपूर्जा पाएका छन् । रामसेवक चौधरीले आफूलाई बेदखल गरिएको जग्गा जोत्न थाल्नुका साथै गाबिसबाट सर्जमिन गराई जोतभोगको स्थानीय प्रमाण तयार गरेका छन् । |
| **सिकाई** | • राजनीतिक शक्तिसँग छलफल र सहकार्य मात्र होईन, आवश्यक पर्दा प्रतिरोध पनि गर्नुपर्ने रहेछ । ईटहरीमा सुकुम्बासीले जोतभोग गरेको ऐलानी जग्गा कब्जा गरेको बिषयमा नेकपा माओवादी मातृका समूहसँग सुकुम्बासीहरुले प्रतिरोध गरेपछि गाडिएको झण्डा हटाउन उनीहरु बाध्य भए । |
| **चुनौतीहरु** | • थोरै जमीन भएकाहरु पनि यो आन्दोलनका कारण आफ्नो जमीन जाने हो |

| | |
|---|---|
| | कि भनेर डराईरहेका छन् ।<br>• जनताका पक्षमा रहेको भनेर दावी गर्ने राजनीतिक दलका सक्रिय कार्यकर्ताहरु नै बेदखली लगायत भूमिअधिकार हननका घटनामा संलग्न रहेका छन् ।<br>• जिल्ला भूमिअधिकार मञ्चहरुमा व्यवस्थापकीय कुशलताको कमी, पूर्णकालीन कार्यकर्ताको परिचालनको व्यवस्थापन<br>• श्रोत संस्थामार्फत जिल्ला जिल्लामा गरिने आर्थिक व्यवस्थापन कसरी गर्ने ? |

## समिक्षा र मनन्

जनमुखी शिक्षा केन्द्रलाई विभिन्न ठाउँमा भिन्दा भिन्दै नाममा सञ्चालन गरेको देखियो । एउटै नामबाट सञ्चालन गर्न पाए हुन्थ्योकी ? जिल्ला वा क्षेत्र तहमा ३/३ महिनामा समिक्षा हुन्छ वा हुदैंन ? राजनीतिक दलसँग यस विषयमा छलफल तथा सहकार्य गर्न थालेको ५ वर्ष भईसक्यो ? उनिहरुको सोचाई, बुझाई र व्यवहारमा केही परिवर्तन आईरहेको छ वा छैन् ?

| प्रस्तुती | राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल |
|---|---|
| काम गर्दा अपनाईएका तरिकाहरु | • भूमिअधिकार हनन्का घटनालाई सम्बन्धित निकायमा लगी समाधानमा प्रयास ।<br>• आयोगको कामलाई प्रभावकारी बनाउन आवस्यक छलफल भएको । थप जिल्लामा संगठन निर्माण । खाली जमिन उपयोग गर्न स्थानीय संगठनलाई सहयोग ।<br>• भूमिअधिकार आन्दोलनलाई प्रभावकारी बनाउन लक्ष्य प्राप्ती सम्म पुऱ्याउन राजनैतिक दल, संविधानसभा सदस्यहरु, मानव अधिकारकर्मी, सहयोगी संघ संस्थासंगको सम्बन्ध निरन्तर कायम गर्ने प्रयास । |
| उपलब्धीहरु | • नियमित कार्यालय संचालन, गतिविधहरुको अभिलेखन, नियमित सुचना संचार<br>• नयाँ ६ जिल्लामा प्रवेश, गाउँस्तरका ४ संगठन निर्माण, नयाँ सवाल पहिचान र त्यस स्थानमा आन्दोलन शुरुवात ।<br>• भूमि कार्यकर्तालाई क्षमता विकास तालिम (४ वटा तालिमबाट निस्किएका कार्यकर्ताले स्थानिय तहमा संगठन निर्माण, सहजीकरण गरिरहेका छन् )<br>• राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल राष्ट्रिय निर्देशनालय ऐन, २०१८ अन्तर्गत काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई आधिकारिक |

| | |
|---|---|
| | मान्यता प्राप्त गरेको छ ।<br>• जिल्ला मञ्चहरु का आ-आफ्ना नाममा वैंक खाताहरु संचालन र सोही मार्फत रकमको कारोवार भईरहेको छ । |
| **सिकाई** | • संगठन निर्माण संख्यात्मक हैन गुणात्मक बनाउनु पर्ने रहेछ ।<br>• योजना निर्माण गर्दा व्यापक योजना तयार नभएर कार्यन्वयन गर्न कठिन हुने रहेछ । |
| **चुनौतीहरु** | • मोही वेदखलि हुने क्रम बढ्दो<br>• जिल्ला संगठन व्यवस्थापन र सदस्यता |



कान्तिपुर

# भूमिहीनद्वारा नदी किनार कब्जा



25 Feb 2009

# Land rights body stages sit-in

Himalayan News Service

*Kathmandu, February 24*

The National Land Rights Forum (NLRF) and Women Rights Network today staged a sit-in in front of the Kathmandu District Administration Office for two hours.

Som Prasad Bhandari, general secretary of NLRF, told this daily that the sit-in was organised to express solidarity with the ongoing protest of landless people in several districts and to draw the attention of ministers concerned and CA members to the plight of landless people.

Despite an agreement with the government on November 29 last year to allow the landless people to keep living in places where they have currently been living until a new solution was found to their problem, local administration and forest officials in Siraha demolished the huts of around 150 people in Taregana Govindapur VDC on February 17, said Bhandari.

## समिक्षा र मनन्

कतिवटा जिल्ला मञ्चको खाता छ ? जिल्लामा उठेका आन्दोलनलाई कसरी समाधान गर्ने गरिएको छ ?



जिल्ला र राष्ट्रिय समितिबीचको सम्बन्ध र समन्वय के हो ? जिल्ला मञ्च र राष्ट्रिय मञ्चको जिम्मेवारी छुट्टिएन । काम भयो तर प्रभावकारी, नतिजामुखी काम भएन । विधी पुऱ्याउनका लागि मात्र काम भयो । हामीले भनेको गरेका छैनौं भने अरुको मात्र आलोचना गरेर हुदैंन । सदस्यता पत्र पुराना जिल्लालाई नदिने, नयाँलाई दिने भन्ने कुराले फेरी पनि समाधान दिदैंन । फेरी नयाँ पनि पुराना हुन्छन् । संयन्त्र बलियो बनाउन तिर ध्यान दिनुपर्दछ ।

| प्रस्तुती | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय कार्यालय |
|---|---|
| काम गर्दा अपनाईएका तरिकाहरु | • नयाँ रणनीति अनुरुप कामको गृहकार्य, अभिलेखन, प्रक्रिया निर्धारण, अभिमुखीकरण, योजना निर्माण र कार्यान्वयनको जिम्मेवारी बाँडफाँड/कार्यक्रमको अवधारणा तथा प्रक्रिया तयार/जनशक्तिको पहिचान र जिम्मेवारी<br>• भूमिअधिकार सम्बन्धी रेडियो कार्यक्रम<br>• संगठन सवलीकरण अभियान/संगठन निर्माण, सुदृढिकरण र परिचालन<br>• भूमि श्रम र भूमिव्यवस्थाबारे अध्ययन<br>• भियतनाम भ्रमण र अनुभव आदानप्रदान, उच्चस्तरीय टोली<br>• अन्तरार्ष्ट्रिय सभा, नेपालमा, ४३ देशका<br>• संविधानमा भूमिअधिकार, अडान पेश देशव्यापी रुपमा, करिब १२० जना सभासदसँग अन्तर्क्रिया<br>• नेपालमा भूमिअधिकार हनन, अवस्थाको अध्ययन<br>• नीतिगत तहमा बहश -भूमिमा महिला अधिकार, भियतनाम भ्रमणको आदानप्रदान, भूमिआयोग, सरोकारवालाबीच छलफल |
| उपलव्धीहरु | • जिल्लागत एवं क्षेत्रगत रुपमा आन्दोलनको जिम्मेवारी बोध अगाडि बढिरहेको छ । जिम्मेवारी लिएरु अभियान अगाडि बढाईएको छ ।<br>• १६ जिल्लाको १६ गाविसको भूमिसुधारको चित्र आएको छ । |

| | |
|---|---|
| | • सामुदायिक अभ्यासबाट विभिन्न विकल्पहरु आएका छन् । सवालबाट खाकामा प्रवेश....<br>• मुख्य राजनीतिक दल, सरकारी निकाय, सञ्चारमाध्यम, अधिकारको मुद्दामा कार्यरत संघसंस्था आदिसँग आवस्यक सम्बन्ध स्थापीत छ ।<br>• (भियतनाम भ्रमण, आईएलसी सम्मेलन)<br>• अर्न्तराष्ट्रिय आन्दोलनसँगको सहकार्य फैलँदो छ ।<br>• आन्दोलनको सहजीकरण प्रक्रिया वारेको सामाग्री तयार भयो । |
| **सिकाई** | • नयाँ रणनीति कार्यान्वयनपुर्व त्यसमा संलग्न र सरोकारवालवीच पर्याप्त छलफल जरुरी, काम मात्र छिटो गर्न खोज्दा अनावस्यक अवरोध आउने<br>• काममा लागीरहने बाहेक सम्बन्ध स्थापनाको कामलाई पनि प्राथामिकतामा राख्नुपर्ने<br>• अभियानकर्ता, संगठन, अगुवा, सदस्यले गर्नुपर्ने आधारभूत र अनिवार्य कामको किटानी, खुला छोड्नु नहुने, आधारभूत रुपमा गर्नु पर्ने कामलाई किटानी गर्नु पर्छ । त्यसभन्दा बढि...<br>• नयाँ सोचाई, कार्यक्रम, मान्यता, अडान आदि कार्यान्वयन आउनुपुर्व प्रशस्त छलफल र उमार्ने कसरतको आवस्यकता (जस्तो महिलाको संयुक्त पुर्जा हुनुपर्दछ । किन ? हुनुपर्दछ)<br>• जिम्मेवारी र सहभागिताका प्रक्रियामा संस्थागत सम्बन्ध आवस्यक, प्रभावकारी नतिजा र छिटोको लागी व्यक्ति प्रस्तावित गर्न नहुने ।<br>• प्रत्येक जनसंगठनमा भूमिअधिकारको मुद्दालाई केन्द्रमा राखी संगठनले गर्न सक्ने कामलाई जोड्न व्यवहारीक प्रयास गर्ने ।<br>• सवालगत योजना निर्माण भएकोमा उपलव्धी बढि राम्रो |
| **चुनौतीहरु** | • अस्थिर सरकार र प्रशासन<br>• संगठनसँग काम गर्दा गैससले राम्रो नमान्ने<br>• स्रोत बारेको बुझाई र उपयोग<br>• पुर्णकालिन कार्यकर्ता परिचालन<br>• उच्चस्तरीय भूमिसुधार आयोगले भूमिअधिकारबाट वञ्चितहरुको जन अपेक्षा अनुसारको काम अगाडि बढाउन नसक्दा जनतामा निराशा पैदा भएको छ ।<br>• ठुलो भुगोलमा जनशक्तिको क्षमता विकास र परिचालनको संयोजन |



२०६५ साल चैत २३ गते आइतबार
Sunday, April 5, 2009

# पुँजीवादी उत्पादन ढाँचामा भूमि व्यवस्थापन

काठमाडौं, चैत २२ गते । एकीकृत नेकपा (माओवादी)का पोलिटब्युरो सदस्यसमेत रहनुभएका उच्चस्तरीय भूमिसुधार आयोगका अध्यक्ष हरिबोल गजुरेलले स्थिर राजनीतिक परिवेश तयार भएपछि कार्यान्वयन गर्ने अधिकारसहितको भूमिसुधार आयोग गठन हुने बताउनुभएको छ ।

भियतनामी भूमिसुधारको अनुभव साटासाट गर्न राजधानीमा शनिबार आयोजित छलफल कार्यक्रममा अध्यक्ष गजुरेलले सरकार र आयोगको बनोट एवं संविधानमा उल्लिखित भूमिसम्बन्धी व्यवस्थालाई विचार गरी भूमिसम्बन्धी प्रतिवेदन तयार गरिने जानकारी दिनुभयो ।

नेपालमा हजारौं बिघा जमिन हुने कुनै पनि जमिनदार नरहेको र अहिले पनि जमिनको किनबेच तीव्र रहेको बताउँदै अध्यक्ष गजुरेलले नेपालको भूमि नेपालीसँग रहेकाले जनतालाई कुनै न कुनै ढङ्गले अधिकार दिलाउने प्रतिबद्धता जनाउनुभयो ।

उहाँले भूमिको व्यवस्थापन पुँजीवादी उत्पादन ढाँचाबाट गरिने स्पष्ट पार्दै तत्काल आएका समस्या हल गर्न सरकारलाई सुझाव दिने अधिकार पनि आयोगसँग रहेको बताउनुभयो ।

सरकारले वैज्ञानिक भूमिसुधार कसरी लागू गर्न सकिन्छ भन्ने विषयमा सुझाव पेस गर्न गजुरेलको अध्यक्षतामा गत मङ्सिरमा आयोग गठन गरेको थियो । नौ सदस्यीय सो आयोगले यही चैत १४ गते मात्र पूर्णता पाएको हो ।

सोही कार्यक्रममा नेकपा(एमाले)का नेता केशव बडालले आफ्नो अध्यक्षतामा २०५९ सालमा गठित भूमिसुधार आयोगले पति-पत्नीको संयुक्त नाममा लालपूर्जा दिन सिफारिस गरेको जानकारी दिनुभयो । रास

## समग्रमा

तिन महिनामा नयाँ रणनीति अनुरुप जिल्ला जिल्लामा आन्दोलन भईरहेको छ । अभियानकर्ताहरु काम बारे बढि प्रष्ट भएका छन् । जिम्मेवारी वारे अभिमुखीकरण गरिएको छ । अधिकारको प्राप्तिका लागि प्रशस्तै अभ्यासहरु भएको भएपनि मथ्न पुगेको छैन् । अहिलेसम्मको उपलव्धीमा टेकेर माथी उक्लिन, अगाडि बढ्न आवस्यक छ । समस्या धेरै आयो, समाधान र सफलता कम आयो । आफुले गर्न नसकेको कामलाई चुनौतीमा राखिदिने चलन बढ्दै गएको छ ।

◆◆◆

# दोस्रो दिन

१. अघिल्लो दिनको समुह छलफलका आधारमा आलोचनात्मक विषय, सिकाई, चुनौती, उपलब्धी र रचनात्मक पहलता बारे प्रस्तुती भयो ।

**समुह : कागती - आलोचनात्मक विषयहरु**



## समुह : नयाा विहानी -रचनात्मक पहलताहरू




## समुह : कााडा- चुनौतीहरू



समग्र भूमिको सवालमा आधारित राष्ट्रिय भूमिअधिकार मञ्च कै आफ्नो आन्तरिक संगठनात्मक संरचनाहरु र मञ्च तथा सहयोगी संस्था विच अन्तरविरोध बढ्न् ।

आन्दोलनमा पूर्णकालिन कार्यकर्ता परिचालन अव्यवहारिक भएर देखा पर्न ।

स्थानिय तह देखी केन्द्रसम्म भूमि आन्दोलनलाई राजनीतिकरण गर्न चाहने राजनीतिक दलहरुको प्रवृति र अस्थिर सरकार ।

हक अधिकार प्राप्त, स्वामित्व प्राप्त समुदायले आफ्नो भूमि आन्दोलनमा भूमिका सकिएको ठुङ्गिएको महशुष गर्नु ।

अधिकार प्राप्त भएपछि समुदायलाई आफ्नो दलगत राजनीतिमा परिचालन गर्न गाह्रो हुने मानसिकताले भूमिको सवाल समाधान गर्न

जहाँ जुन जैले, जस्तो जसरी काम गर्ने प्रतिवद्धता र कार्य जारी हुन्छ त्यसवेला उसका लागि, जस्तो पनि चुनौतिहरु काँडा भएर तेर्सिन्छन् पहाड भएर उभिन्छन् । चुनौतिको सामना गर्ने / हिड्ने आँट गर्नेहरुका लागि मात्र सफलताको शिखर चुम्ने अधिकार हुन्छ । काम गर्नेका सामु चुनौती देखा पर्दैनन ।

## समुह : फुल - सिकाईहरू


नयाँ सोचाई, कर्क्रम, मान्यता
कार्यान्वयन गर्नुए पुर्व प्रशस्त
छलफल उमार्ने कसरतको
आवश्यकता जस्तो : भूमिमा
महिला र पुरुषको संयुक्त पुर्जा
संस्था र भूमि अधिकार
मञ्चको भूमिकाहरु फरक र
स्वतन्त्रपूर्वक अगाडी बढ्न
पर्दछ ।
सिकाई
पुराना स्थानिय कार्यक्रम र
अभियानको सहभागितामा
बृद्धि गर्दछ ।
राजनैतिक दलहरुसंग सहमती
र सहकार्य मात्र होईन,
सकारात्मक प्रतिरोध पनि
गन्ए पर्दछ ।
स्थानिय कार्यक्रम र
अभियानले सहभागितामा
बृद्धि गर्दछ ।

## समुह : आाप- उपलब्धीहरू

- जिल्लास्तर सम्म वार्षिक योजनाका साथ अभियान तर्जुमा
- राष्ट्रिय भूमि अधिकार मञ्चको पहिचान अभिवृद्धि (जिल्ला, राष्ट्रिय, अन्तराष्ट्रिय तह सम्म)
- अन्तराष्ट्रिय दातृ नियकायहरु एकीकृत भएर सहयोगको एकीकरण ।
- जनसंगठनहरु स्थानिय योजना, श्रोत र नेतृत्वमा स्वपरिचालित हुन थालेका । परनिर्भता घटेको ।
- जिम्मेवारी र अधिकार हस्तान्तरणले गर्दा स्थानिय श्रोतको खोजी, नेतृत्व एवं संगठन परिचालनमा सकारात्मक प्रभाव ।
- अधिकार र जिम्मेवारीको विकेन्द्रीकरण, उपलब्धीहरु एकिकृत ।
- बिषयवस्तुको घनत्व र प्रस्तुती शैलीविच सन्तुलनको आवश्यकता बोध ।

## मानवअधिकार र भूमिआन्दोलन

डानीडा /हुगोका मुकुन्द कट्टेलले मानवअधिकार र भूमिआन्दोलनका विषयमा छोटो प्रस्तुती गर्नुभयो र त्यसमा छलफल भयो ।

मानव अधिकार हरेक मानवका जन्मजात अधिकारहरु हुन् । यी अधिकारहरु सवै मानव समुदायका सदस्यहरुमा समान रुपले लागु हुन्छन् । मानव अधिकारको सन्दर्भमा कोही व्यक्ति या कुनै विचार ठूलो या सानो हुँदैन । प्रत्येक व्यक्तिको अन्तर्निहित मानवीय सम्मान समान हुन्छ भन्ने मान्यताको जगमा मानव अधिकार अडेको छ । र यो अन्तर्निहित सम्मानको समानता सवै भाषा, संस्कृति र वर्णका मान्छेमा समानरुले लागु हुनुपर्छ ।

मानव अधिकार भित्र जीवन बाँच्न र मानव विकास सम्वन्धी आवश्यक सवै पक्षहरु पर्दछन् । मानव अधिकारले आवस्यकता र मूल्य - मान्यता दुवै पक्षलाई समेट्दछ । आधारभूत आवस्यकता कुनै पनि हालतमा दवाउन या तिरस्कार गर्न सकिन्न ।

आत्मसम्मान - मान्छे मान्छे भएर, सम्मानपुर्वक बाँच्न पाउनु पर्दछ । मान्छे मान्छे विच विभेद हुनुहन्न ।

स्वतन्त्रता - मेरो जन्म मेरो चाहना होईन । विभेदपुर्ण बन्धनबाट स्वतन्त्रता मिल्नु पर्दछ ।

समानता - हामी सम्मान, स्वतन्त्रता र समानताको लागि रहन्छौं र लागिरहने छौं । हामीले ढोकामा बालश्रमिक निषेध लेखेको स्टिकर टाँस्ने अनि ढोका खोल्न बालश्रमिक राख्ने आडम्बरी काम गर्नु हुदैंन ।

मानवअधिकार अन्याय र उत्पिडनबाट मुक्ति हो । म पिडित भएँ भने त्यँहा मेरो मानवअधिकार उलंघन भएको हुन्छ । मानवअधिकार भनेको अनुशासनहीन खेल होईन र हिंसाको प्रतिरोध अर्को हिंसा हुन सक्दैन् ।

कानुनी शासन (कानुनको परिधिभित्र रहेर मात्र आन्दोलन) यो परिधीभनेको अर्न्तराष्ट्रिय सर्वसम्मत मुल्य र मान्यता बुझ्नुपर्दछ । कुनै एक देशको वा घरेलु कानुनको दायरा हैन । कानुन भनेको ऐन संग्रह मात्र बुझ्नु भएन । आम मानीसको विश्वास र मान्यता भन्ने बुझ्नु पर्‍यो ।

हिंसा संरचनागत पनि हुनछ र भौतिक पनि हुन्छ । तलाक संरचनागत हिंसा हो भने कुटपिट भौतिक हिंसा हो । हामीले मानवअधिकार वादी भनेको निला जाकेट लगाएर हिँड्ने मान्छे मात्र हुन भन्नेबाट फराकिलो हुन आवस्यक छ । भूमिअधिकारकर्मी आफैंमा असल मानवअधिकारकर्मी हुन् ।

मानवअधिकारका दुई प्रष्ट हाँगा छन् । (क) नागरिक र राजनीतिक अधिकार (ख) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार ।

जमिनदारले जग्गा लिँदा कानुन लागेन, अहिले पुर्नवितरण गर्न कहाँको कानुनको कुरा गरिदैंछ ? कानुन भनेकै बहुमत जनतालाई हित हुने हिसावले बनाउनु पर्दछ । हामीले न्यायको आन्दोलन गर्दा लिखित कानुन छ वा छैन भन्ने कुरा मात्र महत्वपूर्ण हैन ।

## द्वन्द र भूमिआन्दोलन

सिसिओका रामजी न्यौपानेले द्वन्द र भूमिआन्दोलनका विषयमा छोटो प्रस्तुती गर्नुभयो र त्यसमा छलफल भयो ।

द्वन्द जिवनको शैली हो । द्वन्द जहिले पनि हुन्छ । जमिन खाना, जिविका र प्रतिष्ठाको आधार हो । यस्तो विषयमा त झन द्वन्द हुनु स्वभाविक हो । हामीले भूमिअधिकारको काम गरिरहँदा स्वभाविक रुपमा द्वन्द रुपान्तरणका क्षेत्रमा काम गरिरहेका हुन्छौं । द्वन्द सम्बेदनशिल विषय हो । यसलाई कसै कसैले लजावती झारसँग तुलना गर्छन् । हामीले सम्भावित नकरात्मक परिणामहरु पहिले नै केलाउन वा विचार गर्न सक्नु पर्दछ । कस्तो अवस्थामा के काम गर्ने ? हेक्का पुऱ्याउनु पर्दछ । काम गर्नु पुर्व कस्तो पृष्ठभूमीमा काम गरिरहेका छौं ? हेर्नै पर्दछ ।

द्वन्दलाई अनावस्यक बढ्न दिनु हुदैंन । गोडमेल गरिहाल्नु पर्दछ अथवा सही हिसावले रुपान्तरण गर्नुपर्दछ । द्वन्द विचारको, सम्पत्तीको, गरिवीको अनेक हुन्छन् । यसबाट हामी भाग्नु हुदैंन । अहिले हामी मुलुकमा पहिचानको राजनीतिको जटिलता भोगिरहेका छौं । जनताको चाहना असाध्यै बढेको छ तर त्यसलाई पुरा गर्ने असल प्रयासको अभाव छ । सवैतिर पुरानै सोचाई छ । त्यसो हुँदा हाम्रो पनि त पुरानै सोचाई होला । फर्केर हेरौं ।

अहिले पनि राज्यको सम्बन्ध भूमिपतीहरुसँगै बढि छ । अहिले भूमिअधिकार आन्दोलनका कारण सञ्चार माध्यममा भूमि बारे कुनै न कुनै समाचार आईरहेका छन् । शान्ती सम्झौतामा भूमिसुधारको कुरालाई प्रष्टताका साथ लेखिएको छ । हामीले शक्ति विश्लेषणलाई सवै तहमा गर्न र त्यसको विश्लेषणलाई आन्दोलनमा प्रयोग गर्न आवस्यक छ । सरकारमा जानेहरु केही गरौं भन्नेहरु छन् । संविधानसभा तल्लो वर्गका प्रतिनिधीहरु पुगेका छन् ।

द्वन्दलाई प्राय हिंशा र विध्वंशसंग तुलना गरी नकारात्मक रुपमा हेरिन्छ। तर द्वन्दका सकारात्मक पक्ष पनि छन । यसले विकासका लागि, परिवर्तनका लागि र एक-आपसमा रहेका पहिचान, लक्ष आदि सम्वन्धी अन्योल र भ्रम चिर्न सहयोग गर्दछ । द्वन्द आफैमा राम्रो या नराम्रो भन्दा पनि यसलाई कसरी हेरिन्छ र सामना गरिन्छ, त्यो पक्ष ज्यादै महत्वपूर्ण हुन्छ। भूमिअधिकार सम्बन्धी द्न्दको रुपान्तरण मानवअधिकार हो । अधिकारका दावेदारलाई बलियो बनाउने काम हामीले गरिरहेका छौं । भूमि आन्दोलनले अधिकार दावेदारको मात्र सवलीकरण

गरेर हुदैंन । राज्यपक्षको सवलीकरणलाई वेवास्ता गर्नु हुन्न । अधिकारका दावेदार र सरोकारवालाको अर्न्तरसम्बन्ध केलाउनु पर्दछ ।

भूमिअधिकार आन्दोलनमा जमिन्दारसँगको सम्बाद अत्यन्त न्युन छ । अन्य निकायसँगको सम्बन्ध हुनु पर्ने तहमा देखिदैंन । भेटघाट नहुँदा सम्बाद हुदैंन । सही मान्छेलाई पनि हामीले चिडाईरहेका छौं । अमिलो सम्बन्धले आन्दोलन वलियो बनाउँदैन । द्वन्द र समाधान गतिशिल हुन्छ । यसलाई बुझ्न र सही कार्यक्रम बनाउनको लागि विश्लेषणको महत्व हुन्छ । भूमिअधिकारको आन्दोलनमा द्वन्दको गतिशिलताको उपस्थिती छ । सवै पक्षको शक्तिको स्रोत हुन्छ । भूमिहिनहरुको पनि शक्तिको कुनै न कुनै स्रोत छ । द्वन्दहरु कुनै ठोस, गहन विषयसँग मात्र नभएर आदत, व्यवहार, शक्ति, सम्बन्ध र प्रक्रियासँग पनि सम्बन्धित हुन्छन् ।

नेपालका केही मानवअधिकारवादीहरु द्वन्दका विषय र प्रवृत्तिमा नभएर व्यवहारमा ज्यादा केन्द्रित छन् । संरचनागत कारणलाई हेर्न सकिरहेका छैनन् । द्वन्दको समाधान भन्नाले टालटुल पार्ने, थामथुम वनाउने भन्ने अर्थमा वुझिन्छ । हामीले द्वन्दलाई लुकाउने हैनकी रुपान्तरण गर्नुपर्दछ । सजिलो सजिलो काम हैन । गाह्रो काम गर्नुपर्दछ । परोसँग नजुधी सजिलै अधिकार कसरी पाईन्छर ? आन्दोलन रणनीतिमुलक भएकाले शक्तिको नक्शाकंन अनिवार्य छ ।

अँध्यारोले अँध्यारो हटाउन सक्दैन । प्रकाशले मात्र हटाउँछ । घृणाले घृणा हटाउन सक्दैन । प्रेम, माया र सदभावले मात्र हटाउँछ । - मार्टिन लुथर किङ

वास्तमा शत्रुताका धेरै कारण र अवस्थाहरु हुन्छन् । तिनै कारण र अवस्था भित्र तिम्रा कामगर्ने शैलीहरु पनि पर्दछन् । - दलाई लामा

## भूमिआन्दोलन, केही आलोचनात्मक हेराई

एक्सनएड नेपालका रोशन शेरचनले भूमि आन्दोलनका विषयमा उठेका आलोचनात्मक विषयलाई संक्षेपमा राख्नुभयो । त्यस उपर छलफल भई मनन गर्नु पर्ने विषयलाई आआफ्नो ठाउँबाट गम्भिरतापुर्वक लिएर अघि बढ्ने सहमती भयो । उहाँले ध्यान दिनुपर्ने, स्पष्ट गर्नुपर्ने र सुधार गर्नुपर्ने विषयहरु छन् भन्दै निम्न बुँदाहरु राख्नुभयो ।

आदिवासी/ जनजातीको अधिकारसँग सम्बन्धित आईएलओ १६९ लाई भूमि आन्दोलनमा लागेका साथीले कसरी बुझ्नु भएको छ ? हाम्रो अडान के हो ? आदिवासी जनजातीहरुको भू क्षेत्र व्यक्तिगत हैन । सामूहिक अधिकार, खेती गर्ने बाहेकको पनि जग्गाको सामूहिकमा रहनसक्ने कुरा आईरहेको छ । यसले हामीले लिएको अडानमा केही फरक पर्दछ वा पर्दैन ?

भूमिमा महिला स्वामित्व, सवाल बाहिर आयो । अडान जुन हिसावले प्रष्ट हुनुपर्ने हो भएको छैन् । बिचार निर्माण र बहश बढाउन आवस्यक छ । महिलाको अधिकारको कुरा गर्दा भूमिहिनको पक्षमा के ? जग्गा भएकाको हकमा के ? आन्दोलनमा जग्गा भएका र नभएका कसरी जोडिन्छन् ?

संघियतामा भूमि व्यवस्था कस्तो हुने भन्नेमा हाम्रो भनाई के छ ? प्राकृतिक स्रोतसाधन तथा राजश्व बाँडफाँड समितिसँग के कस्तो लविङ्ग भईरहेको छ ? हामीले सामुदायिक भूमिसुधारको अभ्यास अगाडि बढाईरहेको सन्दर्भमा यस विषयमा बढि काम आवस्यक छ । संविधान निर्माणको प्रक्रियामा हाम्रो संलग्नता कँहा र कसरी भईरहेको छ ? अव कसरी बढाउने ?

शुरुमा मोहीयानी हक पाएका मान्छेहरु आन्दोलनबाट छोडेर गएका छन् । नयाँ मुद्दा नजोडिएर होकी ? यस विषयमा भूमि तथा कृषिसुधार सञ्जालले के गर्न सक्छ ? कृषिसुधारका विषयमा छलफल पुगेनकी ? पाउनेहरु छुट्टिए । बल टुक्रियो ? अव कसरी जाने ?

भूमि तथा खाद्यसुरक्षा, महिला अधिकार, शिक्षा अधिकार यि पक्षलाई समुदाय तहमा कसरी सँगसँगै लिएर जाने होला । ९० प्रतिशत महिला कृषिमा आधारित छन् र धेरैको ज्यालाको मुद्दा पनि टढ्कारो छ ।

महिला अधिकार मञ्च र भूमि अधिकार मञ्च कसरी समन्वय गरेर जाने ? महिलाको भूमिविहिनता र महिला हिंसा, बसाईसराई यि कुराहरु एकदमै जोडिएका छन् । धेरै जिल्लामा महिला अधिकार मञ्चले भूमिअधिकारको विषयमा प्रशिक्षणको आवस्यकता ठानेका छन् ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विभिन्न तहमा सम्बन्ध र समन्वय पातलो भयोकी ? केही जिल्लामा जानकारी नै नभई एक्लै अगाडि बढ्न खोजेको जस्तो कुरा आईरहेको छ । यस विषयमा सोच्ने र सम्बन्धलाई बाक्लो बनाउन के गर्ने होला ?

स्रोत केन्द्र र स्रोत संस्था सम्बन्धी अवधारणा बारे विभिन्न पक्षसँग छलफल पुगेको छैन् । बास्केट फण्डकै विषयमा पनि बुझाई बढाउन आवस्यक छ । हामीले क्षेत्रगत रुपमा आन्दोलनलाई स्वतन्त्र छोड्न र आवस्यकता अनुसार जोड्न आवस्यक छ । एउटै सिंगो हिसावले मात्र सोचेर हुदैंन । रणनीति र बास्केट फण्डीङको विषयमा सबै पक्ष नै प्रष्ट भएर अगाडि बढ्न आवस्यक छ। स्थानीय संस्थालाई बुझाउने कुरा पुगेको छैन । कतिपय जिल्लामा काम गर्ने सवालमा छलफल पुगेको छैन । कामलाई गति बढाउने उद्देश्यले अगाडि बढ्दा सवैसँगको छलफलमा अलि कमी भएको जस्तो छ । यो पक्षलाई ध्यान दिन आवस्यक छ। असल सम्बन्धलाई स्थापित गर्दै जाने र कमजोरीलाई सुधार्दै जानुपर्दछ । सहकार्यका शर्तहरु पनि चाहिन्छ तर सहकार्यमा मुल्य र मान्यतालाई ईन्कार गर्न सकिदैंन ।

**अक्सफामका नरविक्रम थापाले आफ्ना केही अनुभव आदानप्रदान गर्नुभयो ।**

भूमिअधिकार आन्दोलनलाई कसरी अरु कार्यक्रमसँग समन्वय गराउने ? यो हरेक विषयसँग सम्बन्धित सवाल हो । स्थानीय आन्दोलनलाई, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म कसरी जोड्ने ? भन्ने विषयमा हामीले अक्सफामा र यसका साझेदारमा छलफल तथा अभ्यास बढाएका छौं । शुरुमा अक्सफामको प्राथामिकतामा थिएन । भूमि आन्दोलनको नेपालको अनुभव अन्त किन आदान-प्रदान नगर्ने ? भनेर नै हामीले यसमा सहयोग शुरु गरेका हौं। अधिकारमुखी अवधारणा र सेवामुखी अवधारणामा कार्यरतबीचको तालमेल मिलाएर जाने विषय निकै नै जटिल छ । भूमिअधिकार आन्दोलनबाट अन्य क्षेत्रमा कार्यरत साथीहरुले पनि भूमिअधिकारको कुरा महत्वपूर्ण रहेछ भन्ने

बुझेका छन् । यसको फलोअफ आवस्यक छ । अक्सफामले पनि यस्तो काम गर्दोरहेछ भन्ने कुराको जानकारी राष्ट्रिय समिक्षा पछि गएको छ । डिजास्टरमा काम गर्नेहरुलाई त यो मुद्दा क्रान्तिकारी लागेको छ । सामन्ती संरचनालाई खलवलाईदिने काम हो, भूमिअधिकारको आन्दोलन । यस्तो काममा सहयोग र सहजीकरण गर्नै पर्दछ । टकरावबाट डराउनु हुदैंन । सवैलाई समान ढंगले कुरा राख्नुपर्दछ । कुरा राख्दै जाने हो । कुरा राख्न छोड्नु हुन्न । बैतडीमा जहाँ हलिया छन् । त्यँहा आन्दोलन चर्किएको छ। त्यँहा कुरा पनि गर्न नसकिने ठाउँ हो ।

| भूमिअधिकार आन्दोलनका चुनौतीहरु | भूमिअधिकार आन्दोलनका अवशरहरु |
|---|---|
| - सेवामुखी र अधिकारमुखी अवधारणामा काम गर्ने समूहबीचको द्वन्द<br>- भूमी, किसान र भूमिअधिकारबाट बञ्चितको सही तथ्याङ्कको अभाव<br>- हदबन्दी भन्दा माथीको क्षतीपुर्ती दिने र नदिने विच विवाद<br>- बाहिरी अभियानकर्ताले शक्तिको दुरुपयोग गर्न सक्ने खतरा | - संघिय लोकतान्तिक गणतन्त्रको स्थापनाको चरण<br>- राजनीतिक दल भूमिसुधारको पक्षमा बोलिरहेका छन् । हामी नैतिक दवाव दिन सक्छौं ।<br>- हाम्रो आन्दोलन मासमा आधारित छ । धेरै अभियानकर्ताहरु क्रियासील छन् । |

## सिकाईहरू

- भूमिअधिकार आन्दोलनमा विकसित भईरहेका नयाँ तरिका र रचनात्मक कार्यहरु आन्दोलनका हिसावले निकै नै महत्वपूर्ण छन् ।
- राष्ट्रिय तहमा बहश र आन्दोलनलाई सघन बनाउन सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल बीचको भूमिका बाँडफाँड र जिम्मेवारी बहनको आवस्यकता छ ।
- एक सवालमा नतिजा नआउन्जेलसम्म फलोअफ गरिरहनुपर्दछ र भूमिसुधारको कुरालाई समाजमा स्विकार्य बनाउनु पर्दछ। भूमिसुधारको मुद्दा सामाजिक, आर्थिक र राजनीतिक मुद्दा हो । यो सवालमा हामीले राजनीतिक दललाई नै प्रभाव पार्नुपर्दछ ।
- प्राज्ञिक अनुसन्धानले गरिवका वास्तविक वोली र सवाल ल्याउन मद्दत गर्दैनन् । समुदाय तहमै गहिराईमा गएर परिवेश विश्लेषण हुन आवस्यक छ । शक्ति विश्लेषण र सोको आधारमा रणनीति निर्माण गरेर अघि बढ्दा आन्दोलन सफलतातर्फ जान्छ ।
- स्थानीय तहका आन्दोलनलाई राष्ट्रिय तहमा जोड्दा त्यसले आन्दोलनको रुप लिन्छ ।
- अभियानकर्ताको काम कठिन काम हो । अभियानकर्ता मैनबत्ती जस्तै हो । अरुलाई उज्यालो दिन आफै बल्नु पर्दछ । अभियानकर्ता प्रतिवद्द र गतिवान हुनुपर्दछ ।
- आन्दोलनको निरन्तर अभिलेखन अनिवार्य छ । राम्रा अभ्यासको निरन्तर फलोअफ चाहिन्छ । भूमिअधिकारको मुद्दालाई व्यापक बनाउन सञ्चार माध्यममा सवाललाई ल्याई रहनुपर्दछ ।
- आन्दोलनको काम र व्यवस्थापनका मुद्दालाई कसरी सँगै मिलाएर जाने भन्ने कुरामा सचेत हुन आवस्यक छ ।

**भूअधिनत्व र भूसम्बन्ध बारे १६ जिल्लामा गरिएको अध्ययनबारे सुरेश ढकाल र आमोद पौडेलले त्यसका प्रारम्भिक नतिजाहरू प्रस्तुत गर्नुभयो ।**

यो Sampling नभई Census अध्ययन हो । अध्ययनबाट आएका सवालले हाम्रो अडान र बुझाईमा नै रुपान्तरण र पुर्नभाषित गर्नुपर्ने पनि हुनसक्छ । प्रस्तुतीमा उठेका केही कुराहरु यस प्रकार छन् । प्रस्तुतीका कुराहरु यहाँ समेटिएका छैनन् ।

विद्यालय र संस्थाको नाममा नभएको जग्गामा मोहीयानी नलाग्ने विषयलाई हामीले कसरी लिने ? यो पनि त अन्याय भयोनी । भूमिसुधारको नीति कार्यान्वयनको अधिकार कसलाई कति दिने ? हरेक निर्णय मन्त्रालय तहबाट हुने अहिलेको परिपाटीलाई कसरी हेर्ने ? कहाँ कस्तो भूमिसुधार गर्ने ? पिडित होकी होईन भन्ने कुरा सवालले हैन, समग्र वर्गिय अवस्थाका सुचकले पहिचान गर्नु पर्दछ ।

**भूमिआयोग र अवको गन्तव्य विषयमा उच्चस्तरीय भूमिआयोगका सदस्यद्वय गणेश विके र बलदेव रामले आफ्ना भोगाई तथा सोचहरू आदानप्रदान गर्नुभयो ।**

उच्चस्तरीय भूमिआयोगले प्रतिवेदन तयार गर्ने काममा मात्र नभएर भूमिसुधारका विषयमा जागरण र तथ्यहरुलाई पनि संकलन गर्ने सोचले ३ महिने बैज्ञानिक भूमिसुधार जागरण एवं तथ्य संकलन अभियान अगाडि बढाउने तयारी गरिरहेको थियो । यस विचमा सरकारमा आएको आकस्मिक फेरवदलले थुप्रै अलमलहरु देखा परेका छन् । प्रतिवेदन मात्र बनाउने हो भने त यसअघिकै बडाल आयोगको प्रतिवेदन पनि छ । जनताले अपनत्व महशुस गरेको भूमिसुधार मात्र सफल हुने हुँदा हामीले प्रतिवेदन र जागरण अभियानलाई सँगै लान खोजेका हौं । अहिले पनि विभिन्न सवालगत जिम्मेवारी बाँडेर प्रतिवेदन लेखनको काम भईरहेको छ ।

केलाई बैज्ञानिक भूमिसुधार भन्ने ? क्रान्तिकारी र बैज्ञानिक भूमिसुधारबीचको भेद के हो ? संघियतामा गईसकेपछिको भूमिसुधार के हो ? यस विषयमा प्रष्ट हुनु पर्दछ । बाहिर बसेर हामीले सोचेको भन्दा भित्रको अवस्था फरक छ । कतिले भूमिसुधार पहाडियाको मुद्दा हो । अहिले हुदैन भन्ने कुराले घर गरेको छ । फिल्ड तहमा आन्दोलन मात्र भएर हुदैंन । राजनीतिक दलको द्न्द, बुझाई, प्रशासनीक कर्मचारीको सहयोग पक्षको पनि अध्ययन हुनुपर्दछ ।

अव भूमिआयोग कसरी अगाडि जान्छ भन्ने कुरा अव छुट्टिने बजेट र म्यान्डेट अनुरुप नै हुन्छ । भूमिसुधारको कुरा आउने गरी २०११ को Census मा ल्याउनेकी भन्ने कुरा पनि आईरहेको छ ।

यस पछि क्षेत्रगत समूहमा बसेर आगामी दिनका सवालगत आन्दोलनका योजना निर्माण गरियो ।

◆◆◆

# तेस्रो दिन

केयर नेपालका पपुलर जेन्टलले गरिबी र अन्यायका कारणहरुको विश्लेषणमा केयर नेपालको अनुभव प्रस्तुती गर्नुभयो ।

## गरिवी र सामाजिक अन्यायका मुल कारणहरुको विश्लेषण

### किन ?

- गरिवी र सामाजिक अन्यायका मुल कारणहरुलाई सम्बोधन गर्न सन् २००१ बाट अधिकारमुखी विकास पद्दतीको अबलम्बन ।
- गरिवी र सामाजिक अन्यायका मुल कारणहरु के के हुन् ? कसरी विश्लेषण गर्ने ? कसरी सम्बोधन गर्ने ? भन्ने विषयमा अस्प्रष्टता ।
- गरिवी र सामाजिक अन्यायका मुल कारणहरुको विश्लेषणलाई कसरी सामाजिक आन्दोलनसँग जोड्ने ?

## गरिवी र सामाजिक अन्यायका मुल कारणहरुको विश्लेषणको उद्धेश्य

- गरिवी र सामाजिक अन्यायका मुल कारणहरुको पहिचान, जटिलता र अर्न्तसम्बन्धहरुको विश्लेषण गर्न
- गरिव र बञ्चितीकरणमा परेका समुदायको पहिचान गरी सोको कारण थाहा पाउन ।
- गरिवी र सामाजिक अन्यायका मुल कारणहरुको विश्लेषण सम्बन्धी कार्यकर्ता र संलग्न संस्थाको क्षमता अभिवृद्दि गरी सामाजिक परिचालनको रणनीति तय गर्न

## विश्लेषणको विधी




प्रमुख औजारहरु

शक्ति नक्शाकंन





## शक्ति नक्शाकंन




- **गरिव समुदाय रहेको क्षेत्रको सामाजिक नक्शाकंन (स्रोत, सेवा केन्द्रहरु, बस्ती, जातजाती)**
- **गाउँको ईतिहास,** त्यस गाउँका मुख्य घटनाहरु (राजनीतिक, प्राकृतिक, सामाजिक आर्थिक, सांस्कृतिक) थाहा पाउने

## सम्पन्न्ता स्तरीकरण र वर्ग विश्लेषण

स्थानीय सूचकका आधारमा सहभागीमूलक तवरले सम्पन्नता स्तरीकरण गर्ने ।

| बर्ग | आधार |
|---|---|
| अति गरिव (कति परिवार) | भूमिहिन, निराक्षर, कृषि श्रमिक |
| गरिव (कति परिवार) | घडेरी भएका र नाम मात्रको जमिन भएको |
| निम्न मध्यम (कति परिवार) | |

| | |
|---|---|
| मध्यम (कति परिवार) | |
| धनी (कति परिवार) | |

## जातीय विश्लेषण

स्थानीय परिभाषा र बुझाई अनुसार विभिन्न जातजातीको वर्गिकरण र स्तरीकरण गर्ने ।

| सामाजिक स्तर | जात | कारण |
|---|---|---|
| निम्न | सदा -मुसहर) | |
| | तत्मा | |
| मध्यम | लेहार | |
| | हजाम | |
| | कुर्मी | |
| उच्च | यादव | |
| | झा | |

## निर्भरता विश्लेषण

एउटा वर्ग अर्कोमा कसरी निर्भर हुन्छ ? भन्ने विश्लेषण गर्ने

| | अति गरिव | गरिव | मध्यम | धनी |
|---|---|---|---|---|
| अति गरिव | | | | |
| गरिव | | | | |
| मध्यम | | | | |
| धनी | | | | |

## शोषण विश्लेषण

वर्ग, लिङ्ग, जातका आधारमा कसरी शोषित भएका छन् ?
को, कसरी, कहाँ, कोबाट शोषित भएका छन् ?

विभिन्न क्षेत्र, स्थान र तहमा महिला गतिशिलता (जात र वर्गका आधारमा)



## विभिन्न वर्गको, जिविकोपार्जन, आम्दानी र खर्च विश्लेषण, पाई चार्ट




## ज्याला विश्लेषण

हालको ज्याला दर कति छ ? विगत ५ वर्षको ज्याला र खाद्यान्न तथा अन्य उपभोग्य वस्तुको मुल्य वृद्दिदर तुलना गर्ने ।

- **मौसमी पात्रो**

को, कहाँ, कहिले काम गर्छन ?  काम पाउने र नपाउने सिजन, अनिकालको समय ??

- **असल विरोधी विश्लेषण (गुड किङ्ग विश्लेषण)**

## मुख्य नतिजा

- चुरे, भावर, तराई र मध्यवर्ती क्षेत्रमा गरेको अध्ययनमा गरिवी र अन्यायको मुल कारण समान पाईयो ।
- कुन क्षेत्रमा कस्तो कार्यक्रम सञ्चालन गर्ने र कस्तो रणनीति अपनाउने भन्ने विषयमा गहिरो बुझाई बन्यो ।
- यो प्रक्रियामा लाग्ने गरिव समुदाय, साझेदार समेत सशक्त बने ।
- यो विश्लेषण पश्चात विभिन्न सामाजिक अभियानहरु शुरु भई अधिकारवालाको जिवनमा परिवर्तनको प्रक्रिया शुरु भयो ।

## गरिवी र अन्यायका मुख्य कारणहरू

- स्रोत विशेषत जमिनमा असमान पहुँच
- वर्गिय, जातीय, लैङ्गिक, धार्मीक विभेद
- कमजोर सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई
- कुशासन
- वातावरणीय संकटाविमुखता

## प्राकृतिक स्रोतको व्यवस्थापनमा गैरजिम्मेवारीपना

### स्रोत विशेषत जमिनमा असमान पहुँच

- स्रोतहरु शक्तिशालीको पहुँचमा केन्द्रित (विद्यालय, स्वास्थ्य चौकी...)
- अधिकांश गरिव भूमिहिन
- प्राकृतिक स्रोत (सार्वजनिक जमिन, पोखरी, बन, सामुदायिक बन समेत) शक्तिशालीकै कब्जामा
- वित्तिय स्रोतमा पहुँच नहुनु, चर्को व्याजमा ऋण लिनुपर्ने बाध्यता
- अति गरिवीको अवस्था भोक, अनिकाल
- ऋण बन्धन, बधुँवा मजदुर, अन्यायोचित ज्याला,
- गरिवको जिवन माथी नियन्त्रण गर्ने शक्ति सम्बन्ध
- गरिवहरु आपसकै सम्बन्ध कमजोर, साँघुरो
- शक्ति सम्बन्धलाई चुनौती दिन असमर्थ

## वर्गिय, जातीय, लैङ्गिक, धार्मीक विभेद

| वर्ग | जाती | लैङ्गिक भेदभाव | कमजोर सामाजिक विकास | कुशासन |
|---|---|---|---|---|
| निर्णय प्रक्रियाबाट बञ्चित<br>न्यायोचित ज्याला नपाउनु, काममा शोषण | छुवाछुत (घर, पानी, खाना)<br>हेंलाहोचो, दुर्व्यवहार<br>फोहोरी, रक्सीखाने समुदायको<br>निर्णय प्रक्रियाबाट बञ्चित<br>दलित भित्रको पनि जातीय विभेद | भूमि लगायत उत्पादनका साधनमा पहुँच र नियन्त्रण<br>पितृसतात्मक सोच<br>निर्णय प्रक्रियाबाट विमुख | सरसफाई नहुनु<br>स्वास्थ्य सेवाको अभाव<br>कमजोर शैक्षिक अवस्था<br>निराक्षरता<br>कमजोर सहभागिता | स्थानीय निर्वाचित सरकार नहुनु<br>पार्टीलाई पैसा बुझाएर जनप्रतिनिधी बन्ने<br>अधिकांश जनप्रतिनिधी जमिन्दार<br>भ्रष्टाचार |

## सामाजिक अभियान

- विभिन्न दृश्याात्मक विधी र औजारको प्रयोग गरी स्रोत माथी पहुँच कायम गर्न सफल
- गरिव समुदायमा विधुतीकरणका लागि गाविस तथा स्थानीय राजनीतिक दलका कार्यालय घेराउ (धनुषा)
- दलितलाई पानी खान नदिने विरोधमा अभियान गरेर सफलता -कपिलवस्तु)
- जिविस र गाविस स्रोतको दावी र उपयोग
- भोकमरी कम गर्न मुठी संकलन (१५ क्विन्टल) नवलपरासी .....

भूमिमा महिलाको अधिनत्व र अवको आन्दोलन विषयमा एमएस नेपालकी गंगा पराजुलीले छलफल चलाउनु भयो र आफना बुझाई बाँड्नुभयो ।

कृषि उत्पादनको ६०% हिस्सा योगदान गर्ने महिला किसान भएकाले उनीहरु पनि जमिनको मालिक बन्नु जरुरी छ । परिवारमा पुरुष वा महिला जो जग्गा वा अन्य सम्पत्तिको मालिक भए पनि उस्तै त हो नि वा त्यसको लाभ महिला र पुरुष दुवैले बराबर पाइहाल्छन् नि भनेर ठान्नु तथ्ययुक्त सत्य होइन । महिलाको भूमि अधिकारलाई आगामी भूमिसुधारको स्पष्ट एजेण्डा बनाउँदै महिला र पुरुषको सशक्त सहभागितासहितको जुझारु भूमि अधिकार आन्दोलन निर्माण गर्नु अहिलेको हाम्रो प्रमुख आवश्यकता हो ।

नेपालको पछिल्लो जनगणनाअनुसार कुल जनसंख्याको ५१.१% महिला छन् । शिक्षा, स्वास्थ्य, औसत आयु सबै हिसावले नेपाली महिला पुरुषभन्दा निकै पीडित छन् ।

नेपालको महिला अधिकार आन्दोलनले पनि पैतृक सम्पत्तिमा अधिकारको सवाल उठाए पनि महिलाको भूमिअधिकारको विषयलाई स्पष्टरुपमा अभियानको रुपमा ल्याउन सकेको छैन । राजनीतिक क्षेत्रबाट पनि महिलाको पैतृक सम्पत्तिको व्यवस्था हुनुपर्ने विषयमा सतही समर्थन देखिए पनि महिलाको भूमि अधिकारको विषय किटानीसाथ उठ्न बाँकी नै छ ।



नेपालको वर्तमान सन्दर्भमा भूमि अधिकारको विषयलाई आधारभूत मानव अधिकारको विषयका रुपमा बुझ्नु जरुरी हुन्छ । साथै, महिलाको अधिकार भनेको पनि मानव अधिकारको अभिन्न पक्ष हो र यो महिला तथा पुरुष दुवैको बराबरी अधिकारको विषय हो भन्नेबारे प्रतिबध्दता चाहिएको छ । भूमि मान्छेले बनाएको वस्तु नभएर प्राकृतिक उपहार भएकोले जसले जमिनको समग्र व्यवस्थापन गर्छ, संरक्षण गर्छ, त्यसमा उसको हक हुनुपर्छ । त्यसैले महिला र पुरुष जो जमिनमा काम गर्छन्, त्यसमा उनीहरुको बरोबरी हक लाग्ने कुरा सामाजिक न्यायको सवाल हो ।

भूमिअधिकारको आन्दोलनमा यस मुद्दालाई प्रमुख रुपमा लिईएको छ । उद्देश्य र क्रियाकलापहरु यस प्रकार छन् ।

*भूमिमा महिला र पुरुष दुवैको अधिनत्वको ग्यारेण्टी हुने नयाँ नीति निर्माण भई कार्यान्वयनमा आएको हुनेछ ।*

- राजनीतिक दल, अभियानकर्ता, समुदाय, आदिबीच नियमित अन्तर्क्रिया तथा छलफल कार्यक्रमको आयोजना गर्ने ।

- भूमिमा महिलाको अधिनत्व बढाउन हरेक परिवारमा छलफल गरी उत्प्रेरित गर्ने ।
- सभासद, सम्बन्धित मन्त्रालय र अन्य निकायहरुमा लबिङ्ग गर्ने ।
- तालिम, गोष्ठी, अन्तर्क्रिया आदि कार्यक्रमको सञ्चालन गर्ने । जागरण, सचेतना एवं अधिनत्व कायम सम्बन्धी अभियान सञ्चालन गर्ने ।
- भूमिमा महिलाको अधिनत्व विषयमा सञ्चार माध्यमको सहयोग लिने ।
- महिला अभियानकर्ताको निर्माण तथा क्षमता अभिवृद्दि गर्ने ।
- भूमिमा महिलाको अधिनत्वका विभिन्न परिवेश सम्बन्धी अपभलेखन, लघु अध्ययन र प्रकाशन गर्ने ।

**नितीगत कार्यका विषयमा पुन : एक्सनएड नेपालका रोशन शेरचनले प्रस्तुती गर्नुभयो ।**

## निती भनेको के हो रु

पोलिसीको मुलशव्द पोलिटी हो । यो ग्रीक शव्द हो जुन सर्वप्रथम अरस्तुले प्रयोगमा ल्याएका थिए । त्यतिवेला पोलिटीको अर्थ तत्कालीन समयमा त्यस्तो राजनैतिक व्यवस्थालाई जनाउथ्यो, जुन बुर्जूवा र प्रजातन्त्रको मिश्रण  थियो । वर्तमान समयमा निती भन्नाले राजनैतिक दस्तावेजलाई संझ्न उपयुक्त हुन्छ जसले समाज, राज्य र परिवारको असमान शक्ति सम्वन्धलाई र त्यसको घर्षणलाई वुझाउछ ।

नीतीहरु अनेकौं प्रकारका हुन्छन् । अधिकारमुखि पद्धतिको सन्दर्भमा हामी सवभन्दा वढी सार्वजनिक नीतीहरुसंग सरोकार राख्छौं । जसले नागरिकलाई, त्यसमा पनि अधिकारवाट वंचित समुदायलाई वढी प्रभावित पार्दछ ।

परिवेश नक्शांकन नीतीगत कार्यको अभिन्न भाग हो । समदायको परिवेश र त्यहा कार्यरत विभिन्न संघसंस्थाहरुको विचको शक्ति सम्वन्ध जानकारी परिवेश नक्शांकनले दिन्छ । नीती आवश्यक छ किनभने हाम्रा अधिकारहरु नितीमा नआएसम्म हाम्रो कामको प्रभाव सांगुरो र छोटोसमयको लागि मात्र हुन्छ ।

नीती कसरी वन्दछ ? कसले वनाउछ ? यस पछाडिको अर्थराजनिती के हो भन्ने प्रश्न सवभन्दा महत्वपूर्ण प्रश्न हो । निती निर्माणमा विशेष राज्य, नागरिक समाज र वजारविचको प्रकृति, स्वार्थ र शक्तिसम्वन्धले महत्वपूर्ण भूमिका खेल्दछ । सामान्य अवस्थामा राज्य कमजोर र वजार वलियो भयो भने त्यस्तो स्थितीमा वन्ने सार्वजनिक नितीले गरिब र सिमान्तकृत वर्ग समुदायलाई नकरात्मक प्रभाव पार्दछ ।

अझ गहिरिएर हेर्ने हो भने, निती भनेको राजनैतिक प्रतिवद्धता हो । राजनैतिक प्रतिवद्धता जटिल चरित्रको हुन्छ । यसको अर्थ ज्ञानको राजनीतीभित्र प्रवेश गर्नु हो । यसभित्र ज्ञानको निर्माण, ज्ञानको व्यवस्थापन र ज्ञानको प्रसारण पनि पर्दछ ।

मानव अधिकार केन्द्रित अवधारणामा नीतिगत कार्यभनेको मूल्यस्वतन्त्र कार्य होइन । एक्सनएडकै मार्गनिर्देशक सिद्धान्त अनुसार पनि यो संस्था गरिब र सिमान्तकृत वर्ग समुदायको अधिकारको पक्षधर छ । एक्सनएड तथस्ट संस्था होइन । राज्य प्राथमिक रुपमा दायित्व वाहक भएकोले प्रत्येक नागरिकको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व पनि राज्यको हो तर हाम्रा नीतिगत कार्यले गैरराज्य निकाय र अन्तराष्ट्रिय तथा बहराष्ट्रिय कम्पनीहरुलाई पनि उत्तरदायीत्व र पारदर्शीवनाउने दिशामा नितीगत दवाव दिने कार्य गर्दछ । अधिकार सुनिश्चित गर्न नीतिमै आउनुपर्छ । यसको निम्ति कानुनी उपचार मार्फत सवाललाई राजनैतिकरण गर्नुपर्छ । कानुनी उपचारमार्फत यो राज्यको संयन्त्रसंग जोडिन्छ ।

## नितीगत कार्यहरुको तह

नितीगत कार्यहरु गर्दा कस्ता कस्ता तहहरु पारगर्नुपर्दछ भन्ने कुरा प्रथमत त्यसको उद्येश्य, रणनीती र फैलावटमा भर पर्दछ । यसलाई  निम्न तहहरुमा वर्गीकरण गर्न सकिन्छ ।

## नितीगत नक्शांकन (Policy mapping)

परिवेश नक्शांकन नै नितीगत नक्शांकनको अभिन्न भाग हो । परिवेश नक्शांकनले समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक स्थितीको चित्र दिन्छ । परिवेश नक्शांकनमा कानूनी तथा ऐनकानुनको नितीगत प्रावधान पनि हेर्नुपर्दछ । नितीगत नक्शांकनले कानूनी ऐननियमको प्रावधान अनुसार समुदायमा अधिकारको स्थिती के कस्तो छ, त्यसको खाका दिन्छ ।

यो तीन तहमा गरिन्छ । एक्सनएड र साझेदारी संस्थाको तहमा राज्यको निती नियम, ऐन कानूनले के भन्दछ, अध्ययन गरिन्छ । विश्व राजनिती र फैलिदै गएको विश्वव्यापीकरणको प्रभावहरुको पनि यसमा आंकलन गरिन्छ । समुदायको स्तरमा, परिवेश नक्शांकनले कस्तो स्थिती देखाएको छ, जस्तै कति घर भूमिहिन छन्, कतिजना हरुवा चरुवा छन्, आदि । र, तेश्रोमा विज्ञहरुको पनि राय, सुझाव लिईन्छ जसले सवाललाई अझ प्रष्ट हेर्न सकियोस् ।

## नितीगत विवेचना ( policy critique)

नितीगत नक्शांकन र नितीगत विश्लेषण भएपछि हामीले नितीगत विवेचना गर्दछौ । नितीगत विवेचना जहिले पनि नक्शांकन र विश्लेषणको निचोडसंग जोडिन्छ । नितीगत विवेचना गर्नुभन्दा अगि समुदायमा प्रशस्त अन्तरक्रिया र छलफल आवश्यक छ । साथै, विज्ञहरुको रायपनि । नितीगत विवेचनामा सामान्यतया ४ वटा कुरा उठाईन्छ ।

| नितीगत संचेतना ( policy awareness) | नितीगत कार्यान्वयन (policy enforcement) | नितीगत सधार ( policy reform) | नितीगत निर्माण (policy development) |
|---|---|---|---|
| नितीगत संचेतना नभई नितीगत परिवर्तन संभव छैन । यसमा अधिकारवालाहरुको क्षमता अभिवृद्धि गरिन्छ । जनमुखी शिक्षा, रिफ्लेक्ट केन्द्र, कानुनी शिविर, अवलोकन भ्रमण र सहभागीतामूलक लेखाजोखा आदि यसका विधि प्रकिया र औजारहरुमा पर्दछ । यी विधि प्रकियालाई शक्ति सम्वन्धको विश्लेषणको आंखावाट हेर्नुपर्दछ । | कतिपय स्थितीमा ऐन कानुन र नितीगत व्यवस्थाहरु हुनसक्छ तर राजनैतिक ईच्छाशक्ति, सूचना र श्रोतको अभावमा कार्यान्वयन नभएको हुनसक्छ । त्यस्तोमा कार्यान्वयनको निम्ति काम गर्नपर्ने हुन्छ । यसका नोकरशाही तन्त्रको धारणा र व्यवहारसम्म पनि सहकार्य गर्नुपर्दछ । | कतिपय स्थितीमा कानूनी प्रावधानहरुलाई समय अनुकलको परिमार्जन, संशोधन र थपघट गरेर, त्यसको मर्मलाई विस्तार गर्दा पनि त्यसले अधिकारलाई स्थापित गर्न सहयोग पुर्‍याउछ । | जब विद्यमान निती नियम, ऐन कान्न पुरानो र असमायिक हुन्छ वा जव नयां परिवेशमा नितीनियम नयाँ वनाउन पर्ने अवस्था आउछ, हामीले नितीगत सिफारिश निर्माणको निम्ति काम गर्छौं । अहिलेको सवैभन्दा महत्वपर्ण नितीगत निर्माण वन्दै गरेको संविधान नै हो । केन्द्रिकृत शाही सत्तापछिको नयाँ सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रमा नयां निती वनाउनु परेको हो । |

**कानुनी विश्लेषक दिनमणी पोखरेलले संविधानमा भूमिको मुद्दा विषयमा आफ्ना भनाईहरु राख्नुभयो ।**

भूमिसुधारलाई हामीले केवल नाराको रुपमा मात्र बुझ्नु हुदैंन । यसलाई गहिराईसम्म गएर बुझ्नुपर्दछ । भूमिअधिकारको मर्म के हो ? हामी कसरी भूमिअधिकारबाट बञ्चितको अधिकार ग्यारेण्टी गर्न सक्दछौं ? आन्दोलनमा अप्ठेरो हैन । सरल शव्दको प्रयोग गर्नुपर्दछ । हामीले गह्रुँगा र मोटा शव्द राखेर जितिदैंन। शव्द श्‍व्दका लागी भयो भने के हुन्छ ? हामी प्रक्रियाहरु सरल हुन आवस्यक छ । पुँजीवादको महत्वपूर्ण आधार भनेकै व्यक्तिगत सम्पत्तीको हक हो । हामीले जमिन्दारलाई क्षतीपुर्ती दिएर भूमिसधार गरिनै हाल्यौं भने पनि त्यसले शक्ति संरचनामा तात्विक भिन्नता ल्याउने छैन् ।

सामन्तबाद र पुँजीबाद अनि भूसिुधारको सम्बन्ध के हो ? अहिले नाराको रुपमा आएको कृषिसुधारले कुन वर्गको हित गर्दछ ? यो कुरामा बुझाई र विश्लेषण चाहिन्छ । भूमिसुधारको काम एउटा गतिमा भएन भने जमिन अव जमिन्दारमा रहदैंन । श्रमिकहरुमा पनि जाँदैन् । यो विभिन्न हिसावले लुकाईन्छ वा व्यापारीको हातमा जाने खतरा हुन्छ ।

भूमि फरक खालको सम्पत्ती हो । यो प्राकृतिक साधन हो । यो हामीले चाहेर बढाउन सक्दैनौं । उत्पादनको साधन सिमित व्यक्तिको हातमा गयो भने प्रतिष्पर्धा कम हुन्छ । प्रतिष्पर्धा भएन भने उत्पादकत्व घट्छ र मुल्य बढ्छ । उत्पादनको साधनमा जसले श्रम लगाउँछ, उसैको अधिनत्व भएमा उत्पादन बढ्छ । भूमि अधिकार पहिचानको स्रोत पनि हो ।

चाहिने भन्दा बढि जमिन एउटैले बनाउन सक्दैन, जमिनदारले कानुन बनाएपछि आफु जमिन राख्छकी राख्दैन् ? हिजो नै स्रोत वितरणमा असमानता भयो । त्यसैलाई कानुनले संरक्षण गरियो । यसलाई वितरण नगरी, यस अन्यायलाई नसच्याई हामीले कसरी मान्ने ? कानुन नै विभेदमुलक छ । एकपटक न्यायिक बनाऔं । कस्तो कानुन ? कस्ले बनाएको कानुन ? जग के हो ?

बैचारिक स्पष्टता र बहश अनि व्यवहारिक अभ्यासबीच तालमेल हुन आवस्यक छ। बैचारिक स्पष्टता, व्यवहारिक निपुणता हर क्षेत्रमा आवस्यक छ ।

भूमिअधिकारलाई मौलिक हकको रुपमा राख्नु हुन्न । यसो हुँदा खेरी त सवैले जमिन राख्न पाउने भन्ने अर्थ लाग्यो । मौलिक हकमा सम्पत्तीको हक राखिन्छ । त्यसै बुँदाको तल प्रतिवन्धात्मक वाक्य भन्ने राखेर जमिनमा भने हदबन्दी लगाई जोताहा तथा भूमिहिन किसानलाई वितरण गर्ने र हदबन्दी भन्दा माथिको जग्गाको क्षतीपुर्ती नदिने किटानी गर्नुपर्दछ । त्यस्तै राज्यको दायित्वमा जसको जोत, उसको पोतको आधारमा भूमिसुधार गर्ने कुरा लेख्नु पर्दछ ।

एकोहोरो उत्पादन बढाउने, आधुनिकता हामीलाई मान्य छैन् । सामाजिक न्यायको ग्यारेण्टी नगर्ने उत्पादन वृद्दिले बहुजनको हित गर्दैन् । अधिनत्व व्यक्तिगत भएपनि हामी खेती र व्यवस्थापन सामूहिक गर्न सक्छौं ।

सम्पत्तिमाथि जनताको अधिकारको विषय निकै जटिल विषय पनि हो । निजी सम्पत्तीलाई जनताको सम्पत्तिको रुपमा प्रतिुथापन गर्ने क्रममा यो थुप्रै किसिमका समुदायको सम्पत्ति पनि हुन सक्छ । यो जोताहा किसान र कृषि श्रमिक परिवारको कृषिजन्य सम्पत्ति पनि हुनसक्छ । कसलाई भूमि सम्बन्धी सम्पत्तीको अधिकार, उत्पादनशील जमिनको ठुलो हिस्सा ओगटेर बसेका सिमति पुँजीपतीहरुलाईकी समग्र किसान परिवारलाई सम्भव भएसम्मको समान रुपले सम्पत्तिको अधिकार नै हाम्रो आन्दोलनको मुद्दा हुन पर्दछ ।

**यसपछि क्षेत्रगत आन्दोलनको खाका प्रस्तुती गरियो ।**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र १ डडेल्धुरा**

| | |
|---|---|
| **सवाल** | भूमि सहित मुक्त हलियाको पुनर्स्थापना ।<br>भूमिहीन सुकुम्बासीहरुको सुरक्षित बसोबासको ग्यारेन्टी ।<br>बाढीपिडित,आरक्षपिडितहरुको उचित व्यवस्थापनको ग्यारेन्टी । |
| **परिवेश** | मुक्तिको घोषणा पछि हलियाले जिबिका र सुरक्षाको अनुभूती गर्न पाएका छैनन । तथ्याङ्क संकलनमा समेत समस्या आएको छ । कैलाली कञ्चनपुरमा रहेको सुकुम्बासी बस्तीमा वास्तबिक सुकुम्बासी को हुन भन्ने कुरा नै बिवादको बनेको छ । कैलाली जिल्लामा ८ सय परिवार शिबिरमा छन् । उनीहरुलाई स्थानियले हटाउन खोजीरहेका छन । दैनिक झडपको स्थिति छ ।<br><br>कञ्चनपुरको ५ गा.बि.स मा मात्र १३०० परिवार बाढीपिडित छन । अहिले कोही खोलाको किनारमा र कोही सामुदायिक बनको छेउमा बसेका छन । बनले हटाउने प्रयास गरिरहेको छ । कञ्चनपुरमा ४२४५ परिवार आरक्षपिडित छन । उनीहरुको समस्या समाधानका लागी २३ औं पटक आयोग बनेको छ । आयोगले अहिले पनि काम गर्न सकेको छैन । |
| **अडानहरु** | मुक्त हलियाहरुको अवस्था अध्ययन गरी खान पुग्ने जमिन उपलब्ध गराइनु पर्छ । राज्यले उनिहरुको सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नपर्छ ।<br><br>वास्तबिक सुकुम्बसी, भूमिहीन पहिचान गरी उनिहरुको बसोबासको ग्यारेन्टी गरिनुपर्छ । अवस्था अध्ययन गरी प्राथमिकताका आधारमा जमिन दिइनुपर्छ ।<br><br>स्थानियस्तरमा बिकल्प खोजी बाढीपिडित र आरक्षपिडितहरुको उचित ब्यवस्थापन गरिनुपर्छ । |
| **उद्देश्य** | मुक्त हलियाहरुलाइ अधिकार लागी संघर्ष गर्न प्रेरित गर्ने । हलियाहरुले भोग्दै आएका समस्या र पुनर्स्थापनाका लागि गर्नु पर्ने कामबारे राज्यको ध्यानाकर्षण गराउने ।<br><br>वास्तबिक सुकुम्बासीहरुलाइ संगठित गर्दै अधिकारका लागि संघर्ष गर्न प्रेरित गर्ने । अझै पनि वास्तबिक भूमिहीन, सुकुम्बासीहरु अधिकारबाट बञ्चित नरहुन भनि पिडित र सरोकारवालाहरुलाइ सचेत गराउने । अर्को ब्यवस्था नभएसम्मका लागि |

| | |
|---|---|
| | बस्दै आएको ठाउँमा सुरक्षित बस्न पाउने वातावरण सिर्जना गर्ने ।<br><br>बाढीपिडित र आरक्षपिडितहरुको उचित व्यवस्थापनका लागि वकालत गर्ने । सम्भाबित बिकल्प अध्ययन गरी सहमतिका लागि प्रयास गर्ने । आरक्षपिडित आयोगलाइ सुझाव र दबाब दिने । |
| **सचेत प्रयास** | मुक्तिको घोषणापश्चात हलियाहरुले भोगीरहका समस्याहरुलाइ बहशमा ल्याइ समाधानका उपाहरु खोज्ने । हलिया मुक्तिको घोषणालाइ मानव अधिकार र सामाजिक न्यायको सवाल बनाइ सम्बाद बढाउने ।<br><br>भूमिहीन, सुकुम्बासीहरुलाइ संगठनमा आबद्ध गने । उनीहरुको तीनपुस्ते बिवरण लिइ सत्यतथ्य आधार तयार पार्ने । त्यसैका आधारमा राजनितिक दल, भूमि सुधार कार्यालय, आयोग तथा अन्य निकायहरुमा समस्या समाधानका लागि पहल गर्ने । आदोलनको तयारी गर्ने(कोष संकलन गर्ने,योजना बनाउने, अगुवालाइ प्रशिषण दिने ) ।<br><br>बाढीपिडित,आरक्षपिडितहरुलाइ संगठित गर्ने, मागहरु तयार गर्ने, आन्दोलनको योजना बनाइ जिम्मेवारी दिने, बस्ती बसाउन लायक जमिन पत्ता लगाइ बस्ती बसाउन पहल गर्ने । आयोगसित छलफल, अन्तरक्रिया गर्ने । आन्दोलनको तयारी गर्ने । |
| **क्रियाकलाप** | बैठक, छलफल, अन्तरक्रिया, प्रशिक्षण ।<br>शिबिर, भेला, सभा, र्‍याली, जुलुस, धर्ना ।<br>घटना अध्ययन, प्रकासन ।<br>मिडिया, नागरिक समाजसित सहकार्य ।<br>आन्दोलन कोष निर्माण, अगुवा परिचालन ।<br>संगठन निर्माण, सदस्यता बितरण, नबिकरण ।<br>अपनाउनु पर्ने सावधानीहरु :<br>लक्षित समुदायको अवस्था र सोचको बारेमा अध्ययन गर्ने ।<br>सहकार्यका लागि हेसहयोगी बिश्लेषण गर्ने ।<br>योजना निर्माण र जिम्मेवारी बाँडफाँडमा सचेतता अपनाउने ।<br>अन्य सँस्था र संगठनहरुको सोच बुझ्ने ।<br>स्रोत संकलन र परिचालनको योजना बनाउने ।<br>आउन सक्ने जोखिमहरुको अध्ययन गरी साबधानी अपनाउने । |

# सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ४ बुटवल

| | |
|---|---|
| **सवाल** | उखडा जग्गा<br><br>**नारा :** सम्पूर्ण उखडा जग्गा जोताहा किसानहरुको आव्हान । उखडा समस्या समाधानको लागि उखडा आयोग गठन । |
| **परिवेश** | नवलपरासी, रुपन्देहीमा करिव ५००० परिवार तिनपुस्ता देखि उखडा जग्गा जोतभोग गर्दै आईरहेका छन् । उखडा जग्गा दर्ताको लागि रुपन्देहीमा २०६२ सालमा उखडा पिडीत किसान जिल्ला समिती गठन भएको थियो । तर उक्त उखडा समिति क्रियाशिल भएन । २०६६ जेष्ठ २५ गते उखडा पिडीतको जिल्ला भेला भई पुनःगठन भएको छ । हाल उक्त समिती उखडा जग्गा जोताहा किसानहरुको नाममा दर्ताको लागि क्रियाशिल छ । त्यसैगरि नवलपरासीमा उखडा जग्गा कमाउने किसानहरु उखडा जग्गा दर्ताको लागि क्रियाशिल देखिदैन । २०५२ सालदेखि किसानहरुले कुत बुझाउन छाडिसकेका छन् । |
| **अडानहरु** | उखडा जग्गा जोताहा किसानहरुको नाममा निशर्त दर्ता गर्नु पर्छ ।<br>उखडा जग्गाको लालपूर्जा बितरण गर्दा श्रीमान र श्रीमतीको सयुक्त नाममा बितरण गर्ने व्यवस्था गरियोस् ।<br>उखडा जग्गा दर्ता गर्दा अंगीकृत नागरिकतालाई मान्यता दिनु पर्छ ।<br>उखडा समस्या समाधानको लागि उखडा जग्गा जोताहा किसानको सहभागितामा उखडा आयोग गठन गरियोस । |
| **उद्देश्य** | रुपन्देही र नवलपरासी जिल्लाका करिव ५००० उखडा जग्गा जोताहा किसानहरुले उखडा जग्गाको लालपूर्जा प्राप्त गर्ने छन् । |
| **सचेत प्रयास** | मिडियाहरुलाई परिचालन ।<br>अगुवा निर्माण, क्षमता बिकाश र परिचालन ।<br>स्थानिय स्रोतको खोजी र अधिकतम उपयोग । |
| **क्रियाकलाप** | गाविस स्तरिय भेला गर्ने र समिती गठन गर्ने ।<br>जग्गा धनी र किसानहरु बिच छलफल ।<br>गाऊँ गाऊँमा किसान सचेतना अभियान, र्‍याली तथा सभाहरु गर्ने ।<br>सदरमुकाममा हलो जुवा प्रर्दशन ।<br>जिल्ला तथा गाविस तहमा राजनीतिक दल, सरकारी निकाय संग अन्तरकिया कार्यक्रम ।<br>उखडा जग्गा दर्ताको लागि मालपोत कार्यालयमा धर्ना तथा तालावन्दी ।<br>केन्द्रीय तहमा डेलीगेशन तथा दवावमुलक कार्यक्रम । |
| **ध्यान दिनु पर्ने र पूर्व तयारीका पक्षहरु** | उखडा जग्गा जोताहा किसानहरुको तथ्याकं संकलन ।<br>उखडा जग्गा दर्ता गर्दा चाहिने आवस्यक प्रमाणहरु जुटाउने ।<br>समिती गठन र जिम्मेवारी वाँडफाँड ।<br>आन्दोलनमा चाहिने स्रोत संकलन । |

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ५ काठमाडौं

| | |
|---|---|
| **सवाल** | विर्ता |
| **परिवेश** | रसुवा जिल्लाको धैवुङ, भोर्ले र लहरेपौवा गाविसका ८६१ घरपरिवार विर्ता समस्याबाट पिडित छिन् ।<br><br>यहाँका किसानले पुस्तौं देखि २०४५ सालसम्म जग्गाधनीलाई कुत बुझाउनु पर्थ्यो ।<br><br>पुस्तौदेखि जोतभोग गर्दै आएको जग्गाको लालपूर्जा नपाउनाले किसानले जग्गा किनवेच, ऋण धितो, कागजी अंशबण्डा गर्न पाएका छैनन् ।<br>जग्गाको लालपूर्जा नभएकै कारणले जग्गाधनीले कुनै पनि समय जग्गा खोस्न सक्ने त्रासमा बाँचिरहेका छन् ।<br>नाप नक्शा भएको तर दर्ता छुट भएकोले किसानको नाममा लालपूर्जा बन्न सकेको छैन । |
| **अडानहरु** | अन्यायपूर्णरुपमा कथित विर्तावालको नाममा गरिएको जग्गा दर्ता खारेज हुनु पर्दछ ।<br>पुस्तौं देखि जोतभोग गर्दै आएको आधारमा जोताहा किसानको नाममा विना शर्त जग्गा दर्ता गरिनु पर्दछ ।<br>दर्ता छुट भएका जग्गाको लागि छुट दर्ता खुल्ला गरी किसानको नाममा जग्गा दर्ता गरिनु पर्दछ<br>लालपूर्जा महिला र पुरुषको संयुक्त नाममा वितरण गरिनु पर्दछ । |
| **उद्देश्य** | ३ वटै गाविसको परिवेश बिश्लेषण गरी गाउँ तहमा संगठन निर्माण गर्ने ।<br>गाउँ तहबाट उठेको आन्दोलनलाई जिल्ला र केन्द्र तहसम्म जोड्ने ।<br>विर्ता पिडित किसानले जोतभोग गर्दै आएको जग्गा दर्ता गरी संयुक्त पूर्जा प्राप्त गर्ने ।<br>राजनीतिक दलहरुको प्रतिबद्धता कार्यान्वययनका लागि दवाव दिने । |
| **सचेत प्रयास** | अगुवा निर्माण तथा परिचालन गर्ने<br>आन्दोलन कोष निर्माण गर्ने<br>स्थानीय श्रोत र साधनको परिचालन गर्ने<br>सञ्चार माध्यमहरुको प्रयोग गर्ने |
| **अपेक्षित नतिजा** | ९ वटा जनसंगठन निर्माण भई आन्दोलनको नेतृत्व गरिरहेका हुनेछन् ।<br>१८ जना अगुवाहरुको नेतृत्व क्षमता विकास भई परिचालन भएका हुनेछन् ।<br>८६१ घर परिवार विर्ता पिडित किसानले पूर्जा प्राप्त गरेका हुनेछन् । |
| **ध्यान दिनु पर्ने** | स्थानीयस्तरमै विर्ता समस्या समाधानको लागि आन्दोलनहरु गर्ने जस्तो, समुदाय छलफल, गाविसस्तरीय भेला |

| | |
|---|---|
| **र पूर्व तयारीका पक्षहरु** | स्थानीय दलका प्रतिनिध, गाविस र संघसंस्थाहरुलाई शुरु देखि नै सहभागी गराउने ।<br>प्रत्येक संगठनमा आन्दोलनको लागि नगद र जिन्सी संकलन गर्ने<br>अगुवा निर्माण तथा परिचालन गर्दा महिला, दलित र पिडितलाई प्रथामिकता दिने ।<br>आन्दोलनका सहयोगी र असहयोगीहरु पहिचान गर्ने ।<br>हक पाईसके पछि कृषि सहकारीमार्फत काम गर्ने |

| के गर्ने | कति | कहिले | कहाँ | कस्ले | को को संग मिलेर गर्ने | श्रोत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थानिय | बाह्य |
| परिवेश विश्लेषण | ९ वटा समुदाय | भदौ २० सम्म | धैवुङ, भोर्ले र लहरेपौवा | कार्यालय सचिव, र पदाधिकारी | राजनीतिक दलको सहयोग | | १००० |
| संगठन निर्माण | ९ वटा | असोज १५ भित्र | धैवुङ, भोर्ले र लहरेपौवा | अभियानकर्ता, र पदाधिकारी | | | १००० |
| गाउँ शिविर | १ पटक | असोज | भोर्ले | पूर्णकालिन कार्यकर्ता, कार्यलाय सचिव र सदस्यहरु | समुदायमै व्यबश्था पन गर्ने | ५००० | १०,००० |
| गाविस तालाबन्दि | ३ गाविस | कार्तिक पहिलो हप्ता | धैबुङ्ग, भोर्ले र लहरेपौवा | प्राथामिक मञ्चहरु | | - | ५०० |
| जिल्लास्तरीय सर्वदलीय बैठक गर्ने | १ पटक | कातिक पहिलो हप्ता | धुन्चे | जिल्ला मञ्च | राजनीतिकदल, जिल्ला बिकास समिति, जिल्ला प्रशासन, मालपोत र नापी | १००० | १५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मन्त्रालयमा डेलिगेसन | आ.अ. | कातिक पहिलो हप्ता | काठमाण्डौं | जिल्ला मञ्च | सा.आ. से.के. कृषि वन प्रतिष्ठान राष्ट्रिय मञ्च | ३००० | ८००० |
| जिल्लामा अन्तरक्रिया | १ पटक | कातिक दोस्रो हप्ता | धुन्चे | पूर्णकालिन कार्यकर्ता, कार्यलय सचिव र मञ्चका प्रतिनिधिहरु | सा.आ. से.के. कृषि वन प्रतिष्ठान राष्ट्रिय मञ्च | ५००० | २०,००० |
| धर्ना | निरन्तर | कार्तिक | धुन्चे मालपोत | मञ्चले | दल, मानवअधिकार वादी, पत्रकार, संघसंस्था | ५००० | १०,००० |

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ६ बर्दिवास

| | |
|---|---|
| **सवाल** | चुरे संरक्षण र भू-स्वामित्व |
| **परिवेश** | चुरे क्षेत्र गेग्रानको थुप्रो भएकोले यो अत्यन्त संवेदनशिल पहाड हो । यो पहाड अत्यन्त कमलो र बलौटे जमिन भएकाले कृषिलाई अनुपयुक्त छ यो पहाड । नेपालको ३६ जिल्लामा फैलिएको यो चुरे पहाड यस श्रोत केन्द्रको ८ वटै जिल्लामा फैलिएको छ । सानो तिनो क्रियाकलापले पनि ठुलो क्षती हुने भएकोले यसले अन्नको भण्डार तराईलाई मरुभूमिकरण गर्दै लगेको छ । साथै यस क्षेत्रमा बसोबास गरिरहेका बसोवासीको नाममा भू-स्वामित्व छैन । |
| **अडानहरु** | चुरे क्षेत्रमा हाल बसोबास गरिरहेका चुरेवासीहरुको परिवारको आकार अवस्था र जमिनको प्रकार एवं उत्पादनको अवस्था हेरी २ विघादेखी ५ विघासम्म जमिनको हदबन्दी गाविसको हदबन्दी निर्धारण समितिले जग्गाको स्वामित्व दिनुपर्ने ।<br>यसरी जग्गाको स्वामित्व दिदाँ महिला र पुरुषको संयुक्त नाममा पूर्जा दिनुपर्ने ।<br>अन्य मानिसहरुको जग्गा त्यहीका भूमिहिन किसान परिवारलाई हदबन्दीको आधारमा दिनुपर्ने ।<br>चुरे क्षेत्रमा रहेको श्रोतको संरक्षण र उपयोगको अधिकार स्थानिय समुदायलाई/गाविसलाई दिनुपर्ने ।<br>चुरेबासीको अर्थपूर्ण सहभागितामा "चुरे मैत्री नीति" निर्माण गरी प्रभावकारी रुपमा |

| | |
|---|---|
| | कार्यान्वयन गर्नुपर्ने ।<br>चुरे क्षेत्रको दीगो र भरपर्दो संरक्षण एवं विकासको लागि समावेशी चुरे आयोग निमाण गर्नु पर्ने । |
| **उद्देश्य** | चुरे क्षेत्रमा वास्तविक बसोवासीहरुको हदबन्दी निर्धारण गरेका आधारमा भू-स्वामित्व प्राप्त गरेका हुनेछन् ।<br>भू-स्वामित्वको प्रमाण पूर्जा महिला र पुरुषको संयुक्त नाममा हुनेछ ।<br>भूमिमा स्वामित्व पाएपछि जेजति गर्न पाउने स्वच्छन्दताको अन्त्य भई उपयुक्त भू-उपयोग नीति निर्माण गरी लागु भएको हुनेछ । |
| **सचेत प्रयास** | अभियानको योजना निर्माण र सो का आधारमा जिम्मेवारी बाँडफाँड गरी अभियान संचालन,<br>निश्चित मापदण्ड निर्धारण गरी अगुवा निर्माण र परिचालन<br>सञ्चारको अधिकतम उपयोग<br>"चुरे मैत्री नीति" को खाका निर्माण र प्रयोग<br>८ जिल्लाको सञ्जाल निर्माण र प्रयोग |
| **अपेक्षित नतिजा** | चुरे क्षेत्रको श्रोतको दीगो व्यवस्थापन, उपयोग स्वामित्व र जीविकाको पार्जनलाई प्रभावकारी व्यवस्थापन र विकास गर्न सहयोग पुग्ने "चुरे मैत्री नीति" चुरेवासीको अर्थपूर्ण सहभागितामा निर्माण गरी लागु भएको हुनेछ ।<br><br>चुरे क्षेत्रको संरक्षण, विकास र भू-स्वामित्वका लागि भएको स्थानिय प्रयास र अभियानलाई योजनाबद्ध रुपमा अगाडी बढाई सफल कार्यान्वयन भएको हुनेछ । |

## क्रियाकलापहरू

| क्र.स. | के गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? |
|---|---|---|---|
| १ | मञ्चको झण्डा राखौ | श्रावण मसान्त सम्म | संगठीत सदस्य आफैले झण्डा तयार पारी आ-आफ्नो घरमा गाड्ने |
| २ | राँके जुलुस | भाद्र १५ गते | सवै प्राथमिक संगठनको अगुवाईमा गाउँ गाउंमा गर्ने, संचारको व्यापक परिचालन |
| ३ | कृषि औजार सहित कोण सभा | भाद्र १६ देखी २० गते सम्म | ,, ,, |
| ४ | साइकल यात्रा (कृषि औजार सहित) | भाद्र २२-२५ | मकवानपुरको हेटौडाबाट पर्सा, बारा हुँदै ढल्केवर सम्म ठाउँ ठाउँमा कोण सभा पर्चा पम्पलेट वितण गर्दै । |
| ५ | विशाल चुरे सभा | भाद्र ३१ | ८ जिल्ला मञ्चको सक्रियतामा र सर्लाही जिल्ला मंचको संयोजनमा भूमिसुधार तथा व्यवस्था र वन मंत्रीको उपस्थितिमा । |

| | | | |
|---|---|---|---|
| ६ | छलफल, अर्न्तकृया, लविङ्ग | नियमित रुपमा | सरकारी, गैर सरकारी, राजनीतिक पार्टीहरुसित स्थानिय तहदेखी राष्ट्रिय तहसम्म |
| ७ | "चुरे मैत्री नीति" को सामुदायिक खाका निर्माण | मंसिर ३० गतेभित्र | समुदाय राजनीतिक पार्टी, सहयोगी संघ संस्था तथा बृद्धिजीवीहरुको सहभागितामा |
| ८ | चुरे मैत्री नीतिमा छलफल र अनुमोदन | पौष | स्थानिय (गाविस) तहमा, जिल्ला तहमा छलफल र अनुमोदन गरी सरकारलाई पेश र कार्यान्वयन का लागि लविङ्ग दवाव ( सर्वपक्षिय भेला बाट) |
| ९ | नियमित रुपमा फलोअप | | |
| १० | आन्दोलनको नियमित समीक्षा तथा मनन् गरी सहभागिमूलक रुपमा योजना निर्माण कार्यान्वयन | नियमित | आन्दोलनको मसिनो सित सहभागीमूलक समीक्षा तथा मनन् विभिन्न तहमा गरी आन्दोलनको योजना विकास गरी कार्यान्वयन गर्दै जाने । |

## अभियान नेपाल स्रोत संस्था ८

| | |
|---|---|
| **सवाल** | जोताहा मोहीको सवाल |
| **परिवेश** | अहिले जोताहा किसानहरु जमीनबाट बेदखल भइरहेका छन् । उनीहरुसँग मोही दर्ता प्रमाण छैन न त बाली बुझाएको भरपाई नै छ । जुनसुकै समयमा जग्गाधनीले बेदखल गर्ने डर छ र बेदखल भईरहेको पनि छ । सुनसरी, मोरङ र झापामा करीव २० हजार यस्ता किसानहरु रहेका छन् र उनीहरु संगठित समेत हुनसकेका छैनन् ।<br><br>यसैगरी सुनसरीमा २०६१ को म्यादभित्र दर्ता भएका मोही किसानहरुका ६९१० मुद्धाहरुमध्ये ८०० मुद्धाहरु अहिले पनि फैसला हुन सकेका छैनन् । झापा जिल्लामा मोहीदर्ता भएका १७ हजार मोही किसानहरुले सो म्यादभित्र कुनै मुद्धा दर्ता गर्न सकेनन् किनकि उनीहरुले सूचना नै पाएनन् । यस्तै अवस्था मोरङका किसानहरुको पनि रहेको छ । राज्यको नीतिको अभावमा वर्तमान समयमा मोही किसानहरुका जग्गा बाँडफाँडका मुद्धाहरु दर्ता हुन सकेका छैनन् । दर्ता भएका मुद्धाहरुको पनि फैसला रोकिएको छ । |
| **अडानहरु** | अन्यायपूर्ण रुपमा भईरहेको बेदखली रोकिनुपर्छ । बेदखल गर्नेको जग्गा राज्यले |

| | |
|---|---|
| | लिनुपर्छ ।<br>जोतिरहेका किसानहरुको स्थानीय सरजमीनका आधारमा स्थलगत लगत संकलन गरिनुपर्छ । र मोहीयानी दर्ता गरिनुपर्छ ।<br>मोही जग्गा बाँडफाँडका मुद्धाहरु दर्ता गर्न खुला गरिनुपर्छ र दर्ता भएका मुद्धाहरु जोताहाहरुका पक्षमा फैसला गरिनुपर्छ ।<br>जग्गा बाँडफाँडबाट मोहीलाई प्राप्त जग्गा महिला र पुरुषको संयुक्त अधीनत्वमा लालपूर्जा कायम गरिनुपर्छ । |
| **सचेत प्रयास** | बेदखली भएका तथा जोताहा किसानहरुका गाउँस्तरीय सभाहरु गर्ने ।<br>समुदायस्तरीय सवालगत संगठनहरु निर्माण गर्ने, सदस्यता बितरण तथा नवीकरण गर्ने । बेदखली तथा जोताहा किसानहरुको तथ्यांक संकलन गर्ने ।<br>स्थानीय तथा जिल्लास्तरमा राजनीतिक शक्तिहरु, जनवर्गीय संगठनहरु, जनसंगठनहरु तथा अन्य सरोकारवालाहरुसँग छलफल गर्ने । आन्दोलनमा साथ सहयोग र ऐक्यवद्धता हासिल गर्ने ।<br>दलका नेता तथा कार्यकर्ताहरुसँग भरपाई लिने । भरपाई लिएर मात्र कुत बुझाउने बारेमा स्थानीय मञ्च तथा भूमि पाठशालामा छलफल गरी अभियान गर्ने ।<br>सञ्चार परिचालन, पत्रकार सम्मेलन, लेखरचना प्रकाशन तथा रेडियो कार्यक्रमहरुको उत्पादन र प्रसारण गर्ने ।<br>जिल्लास्तरमा जोताहाहरुको कृषि औजारसहितको जुलुस तथा सभा, आन्दोलनको घोषणा गर्ने ।<br>भूमि प्रसासनमा धर्ना, घेराउ तथा तालाबन्दी गर्ने । दैनिक नाराजुलुस कोणसभाहरु गर्ने र यस्ता सभाहरुमा दलका नेता तथा अन्य सरोकारवालाहरुलाई बोल्न लगाउने । उनीहरुलाई पनि धर्नामा आफूहरुसँगै राख्ने । |
| **अपेक्षित नतिजा** | बेदखली बन्द भएको हुनेछ ।<br>किसानहरुले भरपाई लिएर मात्र कुतबाली बुझाईरहेका हुनेछन् ।<br>मोही मुद्धा दर्ता खुला भई किसानहरुको पक्षमा मुद्धा फैसला भईरहेको हुनेछ ।<br>जोताहा किसानहरुको नयाँ लगत लिने ब्यवस्था भएको हुनेछ । |
| **ध्यान दिनुपर्ने र पूर्वतयारीका पक्षहरु** | अभियानको शुरुआतसँगै जोताहाहरुलाई बेदखल गर्ने खतरा भएकाले यससँग जुध्नका लागि नेपाल सरकारसँग ०६५ मंसीर १४ मा भएको सम्झौताका बारेमा स्थानीयस्तरसम्म ब्यापक छलफल चलाईनेछ ।<br>राजनीतिक दलहरुसँग लिखित प्रतिवद्धता लिने । आन्दोलनका सहयोगीहरुको पहिचान गर्ने, उनीहरुको सहयोग लिने । आन्दोलन कोषको ब्यवस्थापन, स्थानीय श्रोतको खोजी र परिचालन । जिल्ला तथा क्षेत्रको आन्दोलनलाई राष्ट्रिय आन्दोलनसँग जोड्ने । |

एक्सनएड नेपालका खेमराज उपाध्यायले विभिन्न आन्दोलनको योजना प्रस्तुती पछि आफ्नो अनुभुतीहरु बताउनु भयो ।

भूमिअधिकारको आन्दोलन साशसिलो काम हो । हामी जमिन्दार र साशकसँग लड्ने यो लँडाईमा जे गर्न खोज्नु भएको छ । गृहकार्य भएन भने फेरी आफैंमा फर्कन्छ । त्यसैले हामीले धेरै गृहकार्य गरेर अघि बढ्नु पर्दछ । हरेक सवालमा नीतिले के भन्छ ? हामीले जोरी खेल्ने ठाउँ कुन हो ? पहिचान र विश्लेषण चाहिन्छ । अडान राजनीतिक दलको घोषणापत्र जस्तो हैन । किटानी आउनुपर्दछ । अडान राख्दा प्रक्रिया भन्दा पनि चाहेको कुरा महत्वपुर्ण हो । आयोग हाम्रो अडान हैन । खोजेको के हो ? त्यो चाँही अडान हो । आन्दोलनमा ज्ञानको निर्माण र उपयोग पनि महत्वपूर्ण पक्ष हो । हामीले जमिनको वर्गिकरण र भूउपयोगको कुरालाई पनि वकालतको सवाल बनाएका छौं । निश्चित पनि कुन जमिनमा के गर्ने भन्ने कुराको किटानी गर्न ढिला भईसकेको विषय हो । हामीले यस आन्दोलनमा अरु व्यक्ति, संगठन र संस्थासँगको सहकार्यलाई कसरी हेरेका छौं ? यस पक्षलाई बढाउँदै जानु पर्दछ । आफैले मात्र संगठन बनाएर हैन, अरु सँगठनसँग मिलेर पनि हामी सामर्थ्य बढाउन सक्दछौं ।

हामीले समस्याको पोको बोकेर हैन । प्रस्तावक भएर आन्दोलन गर्नुपर्‍यो । आफुलाई फर्केर हेरौं । हलिया, हरुवाचरुवा, परियोजना हैन, सामाजिक आन्दोलन हो । यसमा काम गर्ने तरिका, सोचाईहरु सवै विलकुल फरक हुन् । पिडितको संख्याको आधारमा संगठीत निकै नै कम छन् । सर्सती हेर्दा हलिया ३, विर्तावाल २.६, मोही १०, उखडा पिडित २२ र हरुवा ६ प्रतिशत संगठीत भएका रहेछन् । यति मात्र संगठीत भएर पुग्दैन् ।

अधिकारको लागि लड्नेले पहिले त्यो अधिकार आफ्नै घरमा स्थापित भएको छ वा छैन भन्ने कुरालाई पनि हेर्नु आवस्यक छ ।

## समग्र समिक्षाका बुझाई तथा निचोढहरू

- जिल्लाको भूमी ईन्डेक्स, प्रत्येकले भूमिव्यवस्थाको आधारभूत कुरा आउने गरी सवै सर्कलका जिल्लाको आधारभूत ईन्डेक्स तयार पार्ने । (यसको लागि एउटै फरम्याट उपयोग गर्ने)
- जिल्लाको आन्दोलनको ईतिहास अध्ययन र लेखन (एक हप्ता समय दिएर अध्ययन र लेखन गर्ने, पुराना आन्दोलनका व्यक्तिहरुलाई हाम्रो आन्दोलन बारे पनि वताउने)
- योजना कार्यान्वयनमा जोड (तयार पारिएको योजना रआन्दोलन योजना प्रभावकारी कार्यान्वयनको सुनिश्चितता) हरेकको योजना फलोअफ
- अभियानकर्ता, अगुवा र पुर्णकालिन कार्यकर्तालाई लेखाई पढाईको लागि उत्प्रेरित गर्ने र महिनाको आधादिन अनिवार्य छलफल गर्ने । यसको रेकर्ड पनि राख्ने ।
- योजना, प्रतिवेदन, फिल्ड प्रतिवेदन, घटना अध्ययन तयार पारिएपछि अझ एकस्तरमा आफैंले सम्पादन गर्ने । आफ्नो लेखाईको सवभन्दा ठुलो सम्पादक आफैं हो । घटना अध्ययन र प्रक्रिया अध्ययन सुन्य छ यसलाई अनिवार्य, कामयावी र आधिकारीक बनाउने, अध्ययन गरेर लेख्ने ।

- सम्बन्ध र समन्वयको कामलाई एउटा महत्वपूर्ण कामको रुपमा लिने ।
- मासिक अभियानकर्ता बैठक, त्रैमासिक अगुवा भेला, अभियानकर्ताको १० काम र प्रत्येक बैठक र जनमुखी शिक्षा छलफलको अभिलेखनलाई अनिवार्य गर्ने ।
- विगतका प्रयास, सिकाई र त्यसको उपयोग (विगतबाट सिकौं र उपयोग गरौं )सिकाईको अभिलेखन र उपयोग महत्वपूर्ण छ । जस्तो : संगठन निर्माण, आन्दोलन विस्तार, स्रोतको उपयोग ...
- एउटै जिल्लामा संस्थाले अभियानकर्ता र मञ्चले आन्दोलनको नेतृत्व गर्दा ध्यान दिनु पर्ने के हो ? यसबीचको अन्तरद्वन्द्व के हो ? सावधानी के हो ? सुष्म अध्ययन गर्ने । जिल्लागत योजना मञ्चको बाहेक पनि बनाउनु पर्छकी ?
- आफ्नो क्षेत्रको समस्यालाई आफैं सुल्झाउने । सवाललाई उठाएर नीतिगत तहसम्म जोड्ने ।
- प्रत्येक अभियानकर्ता, अगुवा, पदाधिकारीसँग समयसमयमा छलफल र कोचिङलाई बढाउने । उनिहरुको बुझाई, क्षमता, प्रवृत्ति, नैतिक र बैचारिक धरातललाई अनुगमन र पृष्ठपोषण गर्ने । यसको अभिलेखन पनि गर्ने ।
- सामूहिक नेतृत्व, सामूहिक निर्णय प्रक्रिया र पारदर्शितालाई बढाउने । एउटै व्यक्तिलाई हिरो नबनाउने । भरलाग्दा अगुवाहरु बढाउँदै जाने ।
- सवैले पढ्नु पर्ने नयाँ सूचनाको फाईल, प्रत्येक कार्यक्रमको खर्च सुनाउने आदि प्रक्रियालाई अनिवार्य बनाउने ।
- प्रत्येक गाउँ संगठन र जिल्ला संगठनलाई कसरी आत्मनिर्भर वनाउने ? यस विषयमा योजना नभई हुदैंन। गाउँ संगठनमा बैचारिक छलफल र उत्साहको कमी छ । यसका लागि अभियानकर्ता छन् । तर अभियानकर्ता नै बैचारिक छैनन् ।
- योजना र निर्णयको फलोअफलाई जोड दिने । यो कमजोर बनाउनु हुन्न । कामपछिको कनेक्सन र फलोअफमा ध्यान दिनु पर्ने देखिन्छ ।
- हरेक समस्याको नीतिगत विश्लेषण गर्ने, नीतिमा अपडेट हुने र उठेको आन्दोलनलाई एक धक्का अगाडि लैजाने ।
- जिल्ला भूमिअधिकार मञ्चको बैठक कोरम पुरा नभई वा सचिवालय जस्तो बनाई निर्णय गर्ने प्रक्रिया तुरुन्त रोक्नु पर्ने । घुम्ती बैठकलाई अनिवार्य गर्ने ।
- नतिजा केन्द्रित आन्दोलन गर्ने ? काम गर्नुपुर्व यसबाट के नतिजा प्राप्त हुन्छ ? विचार गर्ने ।
- कार्यक्रममा समुदाय र तत्लाई उत्तरदायी बनाउने, धेरै ठाउँमा हामीलाई गरिदिएको जस्तो भएको छ ।
- राजनीतिक दल, यो बुझाईमा पनि काम गर्न आवस्यक छ ।
- ऱ्याली, ऱ्याली हुनुपऱ्यो, तालिम, तालिम हुनुपऱ्यो । सभा सभा हुनुपऱ्यो ।
- मान्छे केलाउनु पऱ्यो । प्रत्येक अभियानकर्ता, पदाधिकारी, अगुवा र पुर्णकालिन कार्यकर्तालाई केलाउनुपऱ्यो ।संगठनको गहिरो समिक्षा हुन आवस्यक छ । बैठक, भाडा, खाना आदि विषयमा नियमावली बनाउने ।

हरेक आन्दोलन ऐतिहासिक बनाउनु पर्दछ । जित्ने आन्दोलन गर्नुपर्दछ । एक क्षेत्रले एउटै सवालमा आन्दोलन गरेर सफलता पाउनु राम्रो हो । शक्ति विश्लेषण ज्यादै नै महत्वपूर्ण छ ।

संघर्षको चरणमा प्रश्नहरु आउनु पर्दछ र आईरहनेछन् । त्यसलाई सकरात्मक रुपमा लिएर अगाडि बढ्न जरुरी छ । नीतिगत विश्लेषणलाई प्रमुख रुपमा लिनु पर्दछ । पिडितको आधारमा संगठीत गर्न पुगेको छैन् । संलग्न सवै साथीहरुको क्रियासिलता बढाउनु जरुरी छ । कतिपय बैचारिक अस्प्रष्टताहरु छन् । यिनिहरुलाई हटाएर अघि बढ्नु पर्दछ । आन्दोलनलाई फरम्याटमा हैन, रणनीतिक रुपले अघि बढाउन आवस्यक छ । वर्गिय विश्लेषण बढाउन आवस्यक छ । शुरु गरेको कामको फलोअफ र निरन्तरता विर्सन नहुने पक्षहरु हुन् । कार्यरत जनशक्तिको क्षमता अभिवृद्दिमा सचेत योजना चाहिन्छ ।

समिक्षाको पछिल्लो समयमा प्रशासन तथा वित्त संयोजक पुष्कर आचार्यले समग्र आन्दोलनको वित्तिय अवस्था (वार्षिक बजेट, व्यवस्थापन बजेट, कार्यक्रम बजेट, कुन स्रोत केन्द्र र संस्थालाई कति....) प्रस्तुत गर्नुभयो । त्यस्तै प्रशासन तथा वित्त अधिकृत गिता पण्डितले ३ दिने सहभागिमूलक समिक्षाको खर्च सुनाउनु भयो र अन्त्यमा, कार्यकारी निर्देशक जगत बस्नेतले सवैलाई धन्यवाद् दिई कार्यक्रम समापन गर्नुभयो । कार्यक्रमको खर्च यस प्रकार छ ।

| | |
|---|---|
| बुडोल सर्भिस सेन्टरमा खाना, वास, हलभाडा प्रति जना, प्रतिदिन रु. ५५० का दरले १३ प्रतिशत भ्याट सहित | ७९०७२/- |
| स्टेशनरी खर्च | ५०४३/- |
| पेट्रोल र गाडी भाडा | ७६३५/- |
| अफिसमा खाना वास | ३५००/- |
| | ९५२५०/- |

## सहभागी विवरण

| क्र.स. | नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | नरीराम लुहार | स्रोत केन्द्र संयोजक | स्रोत केन्द्र १ |
| २ | सरस्वती नेपाली | जिल्ला संयोजक | स्रोत केन्द्र १ |
| ३ | जवलसिंह तिरुवा | पुर्णकालिन कार्यकर्ता | स्रोत केन्द्र १ |
| ४ | ममता सुनार | अभियानकर्ता | स्रोत केन्द्र १ |
| ५ | गिता कोईराला | क्षेत्रीय कार्यक्रम अधिकृत | स्रोत संस्था २ |
| ६ | विष्णु पोखरेल | स्रोत संस्था संयोजक | स्रोत संस्था २ |
| ७ | हिमा सुनार | जिल्ला संयोजक | स्रोत संस्था २ |
| ८ | कृष्ण बहादुर वि.क. | पुर्णकालिन कार्यकर्ता | स्रोत संस्था २ |
| ९ | ललिता पुरी | अभियानकर्ता | स्रोत संस्था २ |
| १० | लालमणी भण्डारी | क्षेत्रीय कार्यक्रम अधिकृत | स्रोत संस्था ३ |
| ११ | आशाराम चौधरी | स्रोत संस्था संयोजक | स्रोत संस्था ३ |

| | | | |
|---|---|---|---|
| १२ | सारदा परियार | पुर्णकालिन कार्यकर्ता | स्रोत संस्था ३ |
| १३ | सुमित्रा थापामगर | अभियानकर्ता | स्रोत संस्था ३ |
| १४ | शुभराज चौधरी | स्रोत केन्द्र संयोजक | स्रोत केन्द्र ४ |
| १५ | पुर्णकुमार बोहरा | पुर्णकालिन कार्यकर्ता | स्रोत केन्द्र ४ |
| १६ | कल्पना कार्की | क्षेत्रिय कार्यक्रम अधिकृत | स्रोत केन्द्र ५ |
| १७ | शुष्मा न्यौपाने | पुर्णकालिन कार्यकर्ता | स्रोत केन्द्र ५ |
| १८ | शम्भु सापकोटा | संयोजक | स्रोत केन्द्र ५ |
| १९ | गुन्ज खडका | स्रोत केन्द्र संयोजक | स्रोत केन्द्र ६ |
| २० | रामजी वजगाँई | जिल्ला संयोजक | स्रोत केन्द्र ६ |
| २१ | कल्पना पासवान | पुर्णकालिन कार्यकर्ता | स्रोत केन्द्र ६ |
| २२ | मदन वि.क. | पुर्णकालिन कार्यकर्ता | स्रोत केन्द्र ६ |
| २३ | गणेश प्रसाद राम | स्रोत संस्था संयोजक | स्रोत संस्था ७ |
| २४ | सुर्यनारायण राम | जिल्ला संयोजक | स्रोत संस्था ७ |
| २५ | सन्तोषी वि.क. | कार्यालय सचिब | स्रोत संस्था ७ |
| २६ | सिता चौधरी | अभियानकर्ता | स्रोत संस्था ७ |
| २७ | शुभाष गौतम | स्रोत संस्था संयोजक | स्रोत संस्था ८ |
| २८ | टिकाराम मगराती | जिल्ला संयोजक | स्रोत संस्था ८ |
| २९ | गीता शिवा | पुर्णकालिन कार्यकर्ता | स्रोत संस्था ८ |
| ३० | सावित्री चौधरी | अभियानकर्ता | स्रोत संस्था ८ |
| ३१ | सोम प्रसाद भण्डारी | पुर्णकालिन कार्यकर्ता | राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल |
| ३२ | सरस्वती सुव्वा | पुर्णकालिन कार्यकर्ता | राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल |
| ३३ | जगत बस्नेत | कार्यकारी निर्देशक | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| ३४ | पुस्कर आचार्य | वित्त तथा प्रशासन संयोजक | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| ३५ | गिता पण्डित | वित्त तथा प्रशासन अधिकृत | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| ३६ | चाहना चित्रकार | सञ्चार अधिकृत | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| ३७ | शसीकला दहाल | उपाध्यक्ष | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| ३८ | जगत देउजा | कार्यक्रम व्यवस्थापक | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| ३९ | रोशन सेरचन | सवाल प्रमुख | एक्सनएड नेपाल |
| ४० | राज किशोर रजक | कार्यक्रम अधिकृत | एक्सनएड नेपाल |
| ४१ | खेमराज उपाध्याय | | एक्सनएड नेपाल |
| ४२ | मुकुन्ट कट्टेल | सल्लाहकार | डानीना हुगो |
| ४३ | नरविक्रम थापा | - | - |
| ४४ | पपुलर जेन्टल | व्यवस्थापक | केयर नेपाल |
| ४५ | रामजी न्यौपाने | कार्यक्रम संयोजक | सिसिओ |
| ४६ | गंगा पराजुली | कार्यक्र अधिकृत | एम एस नेपाल |

◆◆◆

# कार्यक्रम विवरण

**पहिलो दिन (५ जुलाई, २००९)**

| समय | कार्यक्रम | सहजकर्ता र प्रस्तोता |
|---|---|---|
| ८ :३०- ९ : ०० | सहभागी दर्ता एवं स्टेशनरी प्रबन्ध | गिता पण्डित र चाहना चित्रकार |
| ९ :००- ९ : ३० | चिनजान र समिक्षाको अपेक्षा एवं कार्यक्रमबारे जानकारी | जगत बस्नेत |
| ९ : ३०- १० : १५ | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत केन्द्र : १ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| १० : १५- १० : ३० | चिया | |
| १० : ३०- ११ : १५ | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत संस्था : २ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| ११ : १५- १२ : ०० | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत संस्था : ३ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| १२ : ००- १ : ०० | खाना | |
| १ : ००- १ : ३० | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत केन्द्र : ४ | १५ मिनेट प्रस्तुती<br>१५ मिनेट छलफल |
| १ : ३०- २ : १५ | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत केन्द्र : ५ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |

| | | |
|---|---|---|
| २ : १५- २:३० | चिया वा चिसो | |
| २ : ३०-३ : १५ | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत केन्द्र : ६ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| ३ : १५-४ : ०० | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत संस्था : ७ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| ४ : ००- ४:४५ | मुख्य अभियान, उपलब्धी, सिकाई र चुनौती प्रस्तुती<br>स्रोत संस्था : ८ | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| ४ : ४५- ५ : ३० | राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| ५ : ३०-६ : १५ | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय कार्यालयको प्रस्तुती | २० मिनेट प्रस्तुती<br>२५ मिनेट छलफल |
| | बेलुका समूह विभाजन -मुख्य उपलब्धी समूह, सिकाई समूह, चुनौती समूह, अवका दिनमा सम्बोधन गर्नुपर्ने मुद्दा ... र समूह कार्य (विहान ल्याएर टाँस्नुपर्ने) | |

## दोस्रो दिन (६ जुलाई, २००९)

| समय | कार्यक्रम | सहजकर्ता र प्रस्तोता |
|---|---|---|
| ८ :००- ९ : ३० | ग्यालरी प्रस्तुतीमा सामूहीक अन्तर्क्रिया | |
| ९ : ३०- १० : ०५ | भूमिअधिकार, मानवअधिकार<br>*(१५ मिनेट प्रस्तुती, २० मिनेट छलफल)* | मुकुन्द कट्टेल |
| १० : ०५- १० : २५ | चिया | |
| १० : २५- ११ : ०० | भूमिअधिकार आन्दोलन, द्वन्द्व र हाम्रो भूमिका<br>*(१५ मिनेट प्रस्तुती, २० मिनेट छलफल)* | रामजी न्यौपाने |
| ११ : ००- ११ : ३५ | भूमीअधिकार आन्दोलन, केही आलोचनात्मक हेराई<br>*(१५ मिनेट प्रस्तुती, २० मिनेट छलफल)* | रोशन शेरचन |
| ११ : ३५-१२ : १० | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र अक्सफाम जि.वी. एक वर्षको सहकार्य र अनुभव<br>*(१५ मिनेट प्रस्तुती, २० मिनेट छलफल)* | नर विक्रम थापा |

| | | |
|---|---|---|
| १२ : १०- १ : १० | खाना | |
| १ : १०- ३ : ०० | भूमि सम्बन्धमा गरिएको राष्ट्रिय अध्ययनको निचोढ प्रस्तुती | सुरेश ढकाल र आमोद पौडेल |
| ३ : ००- ३:३० | चिया वा चिसो | |
| ३ : ३०-४ : ३० | भूमि आयोग :  अवको गन्तव्य | गणेश वि.के. वलदेव राम |
| ४ : ३०- ९ : ०० | क्षेत्रगत आन्दोलनको खाका निर्माण र प्रस्तुती | - |

## तेस्रो दिन (७ जुलाई, २००९)

| समय | कार्यक्रम | सहजकर्ता र प्रस्तोता |
|---|---|---|
| ८ :००- १० : ०० | गरिवीका कारणहरुको विश्लेषण | पपुलर जेन्टल |
| १० : ००- १० : ३० | चिया | |
| १० : ३०- १२ : ०० | भूमिमा महिला अधिनत्व, अव कसरी जाने ? | गंगा पराजुली |
| १२ : ००- १ : ०० | नीतिगत विश्लेषणको खाका | रोशन शेरचन |
| १ : ००- २ : ०० | खाना | |
| २ : ००- ३ : ३० | संविधानमा भूमिअधिकार- अवधारणा र सावधानी | दिनमणी पोखरेल |
| ३ : ३०- ३:४५ | चिया वा चिसो | |
| ३ : ४५-५ : ३० | आन्दोलन योजनाको प्रस्तुती | |
| ५ : ३०- ७ : ०० | जुनसम्मको आर्थिक कारोवारको अवस्था प्रस्तुती | पुष्कर आचार्य |
| | समिक्षा कार्यक्रमको खर्च प्रस्तुती | गिता पण्डित |
| | समापन | जगत बस्नेत |

◆◆◆